# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३२६ | काठमाडौं | बिहीबार, १२ चैत २०८२ | Prabhab National Daily | Thursday, 26 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


कार्की आयोगको प्रतिवेदन

# तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री लेखक र प्रहरी महानिरीक्षक खापुङलाई कारबाही सिफारिस

- मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ र १८२ अन्तर्गत कारबाही सिफारिस
- लापरवाही र हेलचेक्र्याइँका कारण मानवीय क्षति भएको निष्कर्ष
- गृहसचिव गोकर्णमणि दुवाडी, काठमाडौंका तत्कालीन सिडिओ छवि रिजालमाथि अनुसन्धान सिफारिस
- सशस्त्र प्रहरी प्रमुख राजु अर्याल र तत्कालीन अनुसन्धान विभाग प्रमुख हुतराज थापालाई पनि कारबाही सिफारिस
- प्रदर्शन उक्साउने समूह (टिओबी) माथि अनुसन्धान
- २४ गतेको हिंसात्मक घटनाको छुट्टै छानबिन गर्न सिफारिस
- तोडफोड र लुटपाटमा संलग्नलाई कारबाही सिफारिस



■ जेबी योञ्जन

**काठमाडौं–** गत भदौ २३ र २४ गतेको घटनासम्बन्धमा अनुसन्धान गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वमा गठित उच्चस्तरीय जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक र प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङलाई फौजदारी कसुरमा अनुसन्धान गरेर कारबाही गर्न सिफारिस गरेको छ।

शासकीय जिम्मेवारीमा रहेर पनि उनीहरूले २३ भदौमा लापरवाहीपूर्ण कार्य गरेको भन्दै मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ अनुसार अनुसन्धान गर्नू भनी आयोगले सिफारिस गरेको हो। उक्त दफामा 'कसैले लापरवाहीपूर्ण काम गरी कसैको ज्यान मार्न हुँदैन' भन्ने व्यवस्था छ। यस व्यवस्थाअनुसार तीनदेखि १० वर्षसम्म कैद र ३० हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवानाको व्यवस्था छ।

यसबाहेक हेलचेक्रचाइँ गरी ज्यान मार्न नहुने कसुरमा पनि कारबाही गर्न आयोगले सिफारिस गरेको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १८२ मा हेलचेक्रचाइँ गरी ज्यान मार्न नहुने भन्ने व्यवस्था छ। उक्त दफामा हेलचेक्रचाइँपूर्वक कसैको ज्यान मार्ने काम गरेमा तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुनसक्छ।

ओली, लेखक र खापुङको हकमा लापरवाहीपूर्ण र हेलचेक्रचाइँ गरेको कसुरमा कारबाही गर्न आयोगले सिफारिस गरेको हो। आयोगले ओलीबारे भनेको छ, 'प्रधानमन्त्रीय संसदीय प्रणालीमा संसद् भवन परिसर बाहिर लगभग चार घण्टा गोली चलिरहँदा केहीको मृत्यु र सयौंको संख्यामा घाइते भइसकेको अवस्थामा पनि राज्यका सबै नागरिकको अभिभावकको जिम्मेवारी र दायित्व भएको पदाधिकारीको हैसियतले थप मानवीय क्षतिलाई रोक्न प्रयास नगर्नु प्रधानमन्त्री (अभिभावक)को ठूलो कमजोरी हो।'

आयोगका अनुसार ओलीले बयानको क्रममा एसइईका विद्यार्थी र फिल्डका प्रहरीलाई सोध्ने प्रश्न आफूलाई सोधेको भनी गैरजिम्मेवार जवाफ दिएका थिए। ओलीबाट यस्तो जवाफ पाएको आयोगले ओलीलाई मानवीय क्षति रोक्नेतर्फ कुनै पहलको प्रयास नगरेकोमा गैरजिम्मेवार भनेको हो।

यस्तै, ओलीले गोली हान्न आदेश नदिएको र प्रदर्शनकारीहरूलाई पूर्वमनसाय राखेरै हत्या गरेको नभएपछि सुरक्षाबलले गोली चलाएर केही प्रदर्शनकारीहरूको हताहती भएको र केही घाइते भएपछि रोक्ने प्रयास नभएकोमा ओलीलाई जिम्मेवार ठहऱ्याएको छ।

क्रमशः पृष्ठ २ मा

# प्रतिवेदनमा कमजोरी नै कमजोरी, कार्यान्वयनमा आशंका

- नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआइजी) सिद्धिविक्रम शाहलाई प्रतिवेदनको ६८९ पृष्ठमा पुरस्कृत गर्न सिफारिस गरिएको छ भने ७२५ पृष्ठमा कारबाहीको सिफारिस
- भदौ २४ गतेका घटनाहरु काठमाडौंमामात्रै सीमित नभई पूरा देश नै प्रभावित हुन पुगेको र घटेका आगजनी, तोडफोड र लुटपाटका घटनाहरु व्यापक रहेको भन्दै दोषी किटान गर्न अलमल
- नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाको घरमा आक्रमण हुँदा फेला परेको जलेको वा नजलेको अवस्थाको रकमबारे कानुनबमोजिम विस्तृत अनुसन्धान गर्न सरकारलाई सिफारिस



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले 'गुपचुप' राखेको उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन सञ्चारमाध्यममार्फत सार्वजनिक भएको छ। बुधबार प्रतिवेदनको पूर्णपाठ 'लिक' भएसँगै प्रधानमन्त्री सुशीला कार्कीले उक्त प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेकी छन्।

गत भदौ २३ र २४ गतेको घटनासम्बन्धी अध्ययन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा गठित आयोगले गत फागुन २४ गते नै प्रतिवेदन बुझाएको थियो। तर, १५ दिन बित्न लाग्दासम्म प्रधानमन्त्री कार्कीले प्रतिवेदन सार्वजनिक गर्न चाहिनन्। चौतर्फी दबाबकाबीच पनि प्रतिवेदन सार्वजनिक नगर्दा सरकारको आलोचना भएको थियो। यहीबीच बुधबार सञ्चारमाध्यममा प्रतिवेदनको पूर्णपाठ छताछुल्ल भएपछि प्रधानमन्त्री कार्की प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गर्न बाध्य भएकी हुन्। यद्यपि उनको सचिलयले उक्त प्रतिवेदन सार्वजनिक गर्ने निर्णय प्रधानमन्त्रीले गरिसकेको दाबी गरेको छ।

प्रतिवेदन लिक भएसँगै सरकारमाथि प्रश्न उठेपछि हतारहतार उनका प्रेस सल्लाहकार रामबहादुर रावलले विज्ञप्ति निकालेका हुन्। 'प्रधानमन्त्री कार्कीले आज (बुधबार) भदौ २३ र २४ को घटनाका सम्बन्धमा जाँचबुझ आयोगले दिएको प्रतिवेदन संघीय संसद् सचिवालयको पुस्तकालयमा अभिलेख राखी सार्वजनिक गर्ने निर्णय गर्नुभएको छ,' बुधबार साँझ रावलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्री कार्कीले थप दुई प्रतिवेदनहरूसमेत सार्वजनिक गर्ने निर्णय गरेकी छन्। नेपाल बाल संगठन र बालमन्दिरसम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग, २०७७ को प्रतिवेदन र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरिएको सुशासन मार्गचित्र, २०८२ सार्वजनिक गर्ने निर्णय मंगलबार गरिएको रावलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

व्यवसायी भन्छन्–

# द्वन्द्वबाट युएईमा रहेका श्रमिक बढी प्रभावित, उद्धार आवश्यक भइसक्यो

■ प्रभाव संवाददाता



**काठमाडौं–** पश्चिम एसियामा जारी द्वन्द्वको प्रभाव सबैभन्दा बढी संयुक्त अरब इमिरेट्स (युएई)मा रहेका श्रमिकमा परेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन्। द्वन्द्व जारी रहेकाले भयावह स्थिति आउनसक्नेतर्फ सरकार तयारी अवस्थामा रहनुपर्ने उनीहरूको सुझाव छ।

युएईमा सात लाखको हाराहारीमा नेपाली रहेको सरकारी तथ्यांक छ। जुन कुनै पनि मुलुकमा कार्यरत नेपाली श्रमिकको सबैभन्दा ठूलो संख्या हो। उक्त मुलुकमा सेवा क्षेत्र, निर्माणका साथै क्लिनिङ, प्याकेजिङ, डेलिभरी, सिपिङलगायतमा ८० प्रतिशतभन्दा बढी श्रमिक कार्यरत रहेको व्यवसायीको भनाइ छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी द्वन्द्वले युएईको पर्यटकीय गतिविधि ठप्प हुँदा श्रमिकहरूको रोजगारी गुम्ने जोखिममा बढेको बताउँछन्। पर्यटकीय हब मानिएको युएईमा युद्ध सुरु भएयता ३० देखि ३५ प्रतिशत नेपाली कामदार बेतलबी बिदामा बस्न बाध्य भएको उनको भनाइ छ। अध्यक्ष जैसीका अनुसार युएईमा कार्यरत नेपाली श्रमिक करिब ३० देखि ३५ प्रतिशत सेवा क्षेत्रमा छन्।

'युएईमा नियमित उडानहरू भइरहेको छैन, पर्यटकहरू जान नपाउँदा रेस्टुरेन्ट, होटलहरू ग्राहकविहीन भएको कारणले सेवा क्षेत्र ठप्प भएको देखिन्छ,' उनले भने, 'युएईमा ग्यास प्लान्टमा गएकाहरू पनि अवस्था हेरेर कहिले काम हुने कहिले नहुने भइरहेको बुझिएको छ। यसले भयावह स्थिति पनि ल्याउन सक्छ।' हालसालै रोजगारीमा गएकाहरू युद्धका कारण बढी त्रसित भएको पाएको अध्यक्ष जैसीले बताए। नेपाल फर्किन खोज्नेहरूमा यस्ता श्रमिक बढी देखिएको उनको भनाइ छ।

हाल खाडी मुलुकमा त्यहाँको अवस्थाको कुनै पनि सामग्री सार्वजनिक गर्नेहरूलाई दण्डित गरिएको छ। यसकारण पनि श्रमिक डर, त्रास र दबाबमा बाँचिरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीले बताए। त्यहाँको जनजीवन भयावह भएकाले नेपाल फर्काउन आवश्यक रहेकोमा उनले जोड दिए।

क्रमशः पृष्ठ २ मा

# कम्बोडियामा ठगीमा परेका ५१ जनाको उद्धार

**काठमाडौं (प्रस)–** विभिन्न व्यक्तिहरूको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्रहरू र क्यासिनोहरूमा अनलाइन ठगीमा परेका ५१ नेपालीको उद्धार गरिएको छ।

अनलाइन ठगीकाथै विभिन्न गैरकानुनी काममा लगाइएका तथा कम्बोडियामा विनाराहदानी बसिरहेका उनीहरूलाई बुधबार थाइल्याण्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी गैरआवासीय नेपाली संघ, कम्बोडियाको सहजीकरणमा नेपाल फर्काइएको हो।

यसैगरी अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाई नेपाल फर्काउने पहल भइरहेको दूतावासले जनाएको छ। कम्बोडियामा नेपालीलाई नागरिक अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिना राहदानी वा राहदानी–अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ।

कम्बोडियामा अवैधरूपमा बसिरहेका नेपाली नागरिकलाई नेपाल फर्कन सहजीकरणका लागि नेपाली राजदूतावास बैंकक वा गैरआवासीय नेपाली संघ कम्बोडियाका प्रतिनिधिलाई सम्पर्क गर्न अनुरोध गरिएको छ।

क्रमशः पृष्ठ २ मा

भदौ २३ र २४ को विध्वंश

# कसले के दिए बयान ?

■ प्रभाव संवाददाता

**काठमाडौं–** जेन-जी विद्रोहका बेला प्रधानमन्त्री रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भदौ २३ गते सुनियोजितरूपमा उत्तेजना फैलाएर नवयुवाहरूको ज्यान जानेगरी घटना घटाएको दाबी गरेका छन्।

उनका अनुसार युवाहरूलाई अघि सारेर आफ्नो उद्देश्य पूर्ति गर्न खोज्ने समूहले उत्तेजना सिर्जना गरेका हुन्। उनले योजनाबद्ध रूपमा संसद् भवनमा आक्रमण भएको र त्यसपछि गोली चलेको दाबी गौरीबहादुर कार्की नेतृत्वको उच्चस्तरीय जाँचबुझ आयोगलाई दिएको बयानमा गरेका छन्।

बुधबार सार्वजनिक भएको उक्त आयोगको प्रतिवेदनमा ओलीले आफू २३ गतेको घटनामा जिम्मेवार नभएको जिकिर गरेको उल्लेख गरिएको छ। 'तर्कपूर्ण ढंगले प्रधानमन्त्री यो विषयमा जवाफदेही हुँदैन। सुरक्षाकर्मीमाथि नै आक्रमण गर्ने, सुरक्षाकर्मीहरूका ड्रेस, बन्दुक खोसी लगाई सेल्फी खिच्नेजस्ता उच्छृंखल क्रियाकलाप गर्ने कार्य पक्कै पनि आन्दोलनको घोषणा गरेका जेन-जीले होइन,' उनको बयान छ।

उनले आफ्नै कारणले २३ र २४ गतेको घटना भएको भन्ने विषयलाई खारेज गरिदिएका छन्। आफ्नै कारण घटना भएको भए प्रधानमन्त्रीबाट राजीनामा दिएपछि किन घटना हुन रोकिएन भन्दै प्रश्न उठाएको पाइएको छ। उनले भनेका छन्, 'भदौ २४ गते मैले राजीनामा दिएको हुँ। म बाधक भएको कारणले त्यो आन्दोलन भएको भए मेरो राजीनामापछि सबै ठीक हुनुपर्ने तर भएन त ?'

तत्कालीन गृहमन्त्री रमेश लेखकले पनि जेन-जी विद्रोहमा घुसपैठ भएको दाबी गरेका छन्। उनले जेन-जी अगुवाहरूकै अभिव्यक्तिबाट घुसपैठ भएको तथ्य आफूले थाहा पाएको आयोगसँगको बयानमा भनेका छन्। 'हाम्रो आन्दोलन सफल भएको छ, यसलाई हाइज्याक गरेर हिंसात्मक बनाइँदै छ, साथीहरू आ-आफ्नो घर फर्किनुस् भन्ने जेन-जेड अगुवाहरूको अभिव्यक्तिले प्रदर्शनमा घुसपैठ भएको तथ्य पुष्टि भएको मैले देखेँ,' उनले बयानमा भनेका छन्।

क्रमशः पृष्ठ २ मा

**केपी शर्मा ओली**: प्रधानमन्त्री गोली प्रहार गर्न आदेश दिने विषयमा जवाफदेही हुँदैन ।

**रमेश लेखक**: भदौ २३ र २४ को घटनालाई आवेगको परिणाम मान्न सकिन्न ।

**देवराज घिमिरे**: त्यस स्तरको जोखिम आउने अनुमान कसैले गरेको थिएन ।

**शेरबहादुर देउवा**: त्यो घटना नितान्त षडयन्त्र हो, तर कसले गऱ्यो थाहा भएन ।

**पुष्पकमल दाहाल**: २४ भदौमा गलत तत्वहरूले आन्दोलनलाई उपयोग गऱ्यो ।

**रवि लामिछाने**: भदौ २४ को घटनामा म र मेरो पार्टीको संलग्नता छैन ।

**गोकर्णमणि दुवाडी**: सिजफायरजस्ता प्रत्यक्ष आदेश दिनु मेरो कानुनी अधिकार क्षेत्रभित्र पर्दैन ।

**अशोकराज सिग्देल**: आन्दोलन व्यापक हुन सक्ने जानकारी २२ भदौमै प्राप्त भएको थियो ।

**बालेन्द्र शाह**: शान्तिपूर्ण ऱ्यालीमा मेरो समर्थन थियो तर आन्दोलनमा थिएन ।

पृष्ठ १ बाट क्रमशः

## तत्कालीन प्रधानमन्त्री...

'गोली फायर रोक्ने रोकाउनेतिर प्रयास नै नगरी निजहरूको लापरवाहीपूर्ण कार्य गरेको कारणले किशोरकिशोरीहरूको समेत ज्यान गएको देखिन आयो । भदौ २३ को घटनामा लापरवाही र हेलचेक्र्याइँ गरेको कारणले किशोरकिशोरीहरूकोसमेत ज्यान मर्न र मराउन गएकोमा उहाँहरू जिम्मेवार देखिन आयो,' प्रतिवेदनमा भनिएको छ । चार घण्टासम्म गोली नरोकेर हेलचेक्र्याइँ गरेको देखिएको आयोगले उल्लेख गरेको छ ।

आयोगले गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा, काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजालमाथि पनि दफा १८२ अनुसार कारबाहीको सिफारिस छ । हेलचेक्र्याइँ गरी ज्यान मारेको निष्कर्षसहित आयोगले त्यस अपराधमा आकर्षित हुने फौजदारी कानुनअनुसार उनीहरूमाथि अनुसन्धान गर्न आयोगले सिफारिस गरेको हो । हेलचेक्र्याइँसम्बन्धी आरोप आकर्षित भए बढीमा तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँ जरिवाना हुनसक्छ ।

उनीहरूमाथि शासकीय अधिकारको उचित प्रयोगप्रति उदासीन रहेका व्यक्तिहरूलाई साथ दिएको आरोप छ । आयोगका अनुसार ओली, लेखक र खापुङले गरेको हेलचेक्र्याइँपूर्ण काममा उनीहरूको पूर्ण सहयोग र सहमत भएको पाइयो । त्यही भएर थप चार पदाधिकारीमाथि फौजदारी अनुसन्धानको सिफारिस गरेको उल्लेख छ ।

नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक सिद्धिविक्रम शाह, प्रहरी नायव महानिरीक्षक ओमबहादुर राना, प्रहरी वरिष्ठ उपरीक्षकहरू विश्व अधिकारी र दीपशमशेर जबरा तथा प्रहरी उपरीक्षक ऋषिराम कँडेलमाथि कारबाहीको सिफारिस गरेको छ । शाह भदौ २३ मा नेपाल प्रहरीको अपरेसन प्रमुख थिए । राना उपत्यका प्रहरी कार्यालयका कार्यवाहक प्रमुख र अधिकारी काठमाडौं प्रहरी प्रमुख थिए । जबरा उपत्यका प्रहरी कार्यालय र कँडेल सिंहदरबारस्थित नेपाल प्रहरीको विशेष कार्यदलको नेतृत्वमा थिए ।

आयोगले भनेको छ, 'निजहरूले कर्तव्य पालनामा देखाएको कमजोरी र निर्वाह गरेको भूमिका लागि निजहरूलाई कारबाहीको सिफारिस गर्नुपर्ने हुन आयो ।'

यसबाहेक आयोगले अर्धसैन्य सुरक्षा संगठन सशस्त्र प्रहरीका केही अधिकारीलाई कारबाही गर्न सिफारिस गरेको छ । आयोगले सशस्त्र प्रहरी प्रधान कार्यालयका प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेल, काठमाडौंका सशस्त्र बाहिनीपति नायव महानिरीक्षक सुरेशकुमार श्रेष्ठ, विपद् उद्धार युनिट सिनामंगलका वरिष्ठ उपरीक्षक जीवन केसीमाथि पनि कारबाहीको सिफारिस गरेको छ ।

यस्तै, राष्ट्रिय अनुसन्धान विभागका सहनिर्देशक कृष्णप्रसाद खनाल र काठमाडौं जिल्ला प्रमुख एवं सहअनुसन्धान निर्देशक रिबेनकुमार गच्छदारमाथि पनि कारबाहीको सिफारिस छ । आयोगले सेनापति अशोकराज सिग्देललाई भने कारबाही सिफारिस गरेको छैन । बरु, महत्त्वपूर्ण चार स्थानको सुरक्षामा चुकेका सैनिक पदाधिकारीहरूमाथि कारबाहीको सिफारिस गरेको छ । आयोगले राष्ट्रपति भवन शीतलनिवासको सुरक्षा टोली प्रमुख सहायकरथी मनोज बैदवार, बालुवाटारको सुरक्षा टोली प्रमुख सेनानी दीवाकर खड्का, सिंहदरबार सचिवालयको सुरक्षा प्रमुख सेनानी गणेश खड्का र संसद् भवन बानेश्वरको सुरक्षामा खटिएका नेपाली सेनाका सेनानी सन्तोष ढुंगेललाई कारबाहीको सिफारिस गरेको हो । उनीहरूलाई प्रशासनिक प्रकृतिको कारबाही गर्न सिफारिस गरिएको छ ।

आयोगले ओम अस्पताल छेउदेखि मोटरसाइकलमा आएर बानेश्वरमा जेन-जी प्रदर्शनकारीहरूलाई उक्साउने र संसद् भवनतिर अग्रसर गराउने टिओबीका व्यक्तिहरूमाथि पनि अनुसन्धान गरेर कारबाही गर्न पनि सिफारिस गरेको छ । २४ गतेका घटनाका सन्दर्भमा कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवालगायत अन्य व्यक्तिहरूको घरमा जलेको/नजलेको रकमबारे अनुसन्धान गर्न आयोगको सिफारिस छ ।

आयोगका अनुसार २४ गतेको हिंसात्मक गतिविधिको गहन अनुसन्धान गरी कानुनबमोजिम गर्नुपर्ने, तोडफोड र लुटपाटमा संलग्नहरूलाई कारबाही गर्नुपर्ने, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट भएका कमजोरी र जिम्मेवारीबाहिर गएर गरेका कार्यको अनुसन्धान गरी कारबाही गर्नुपर्छ । नेपाल प्रहरीका प्रहरी नायव उपरीक्षकहरू चिनिमाया तामाङ, हरिबहादुर बस्नेत, मधु थापा, सुनिल शाह, कृष्णकुमार चन्द र नवराज ढुंगानालाई पुरस्कृत गर्न आयोगले सिफारिस गरेको छ ।

विद्रोहका बेला प्रहरी बचाउने शिवराम बाँडा र गीताकुमारी साहलाई पुरस्कृत गर्न सिफारिस गरिएको छ । आयोगले जेन-जी आन्दोलनकी घाइते एकता शाहलाई एमबिबिएसमा भर्ना गराउनू भनेको छ । शासकीय पद्दतिका अवयवहरूमा देखिएको समस्या समाधान गर्न सुझाव कार्यान्वयन गर्न पनि आयोगले सिफारिस गरेको प्रतिवेदनमा उल्लेख छ ।

■■■

## प्रतिवेदनमा कमजोरी...

कार्की आयोगको प्रतिवेदन लिक भएपछि गृहमन्त्री ओमप्रकाश अर्यालले सरकारसँग प्रतिवेदनको विद्युतीय कपी नै नरहेको दाबी गरे । अर्यालको दाबीको केही समयमै प्रधानमन्त्रीका प्रेस सल्लाहकारले विज्ञप्ति जारी गर्दै प्रतिवेदन सार्वजनिक गर्ने निर्णय भइसकेको जनाएका हुन् ।

भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहका क्रममा दोषी को-को हुन् भनेर सत्यतथ्य पत्ता लगाउन पूर्वन्यायाधीश कार्की नेतृत्वमा गठन भएको जाँचबुझ आयोग मुल विषयभन्दा पनि बहकिएको देखिएको छ । कार्की आयोगले दोषी पत्ता लगाउनेभन्दा पनि बरालिएर सरकार सञ्चालन विधि, पत्रकारितालाई पाठ पढाउनेदेखि हुलाक सञ्चालनको विधिसम्म सिकाउन भ्याएको देखिन्छ । कार्की प्रतिवेदनमा अनेकन कमजोरी रहेको, ढाकछोपमा लागेकोले कार्यान्वयनमा आउनेमासमेत आशंका गरिएको छ ।

### २४ गतेको घटनाको दोषी देखाउन अलमल

कार्की आयोगले तयार प्रतिवेदनमा २४ गतेको घटनामा संलग्न देखिएका व्यक्तिलाई पहिचान गर्न सक्ने कुनै पनि सबुत प्रमाण फेला नपरेको दाबी गरेको छ । आयोगले व्यक्ति किटान गर्न आयोगसँग समय नभएको, सिसिक्यामरा फुटेजलगायत प्रमाण नभेटेको उल्लेख गरेको छ । उक्त दिन सरकारी तथा निजी गरी ८५ अर्ब रूपैयाँबराबरको क्षति भएकोमा कुनै ठोस निष्कर्ष प्रतिवेदनमा उल्लेख छैन । 'भदौ २४ गतेका घटनाहरू काठमाडौंमामात्रै सीमित नभई पूरा देश नै प्रभावित हुन पुगेको र घटेका आगजनी, तोडफोड र लुटपाटका घटनाहरू व्यापक रहेको र आयोगको निश्चित सीमाहरूका कारण सम्पूर्ण क्षेत्र छानबिनको दायरामा समेट्न नसकिएको अवस्था छ,' प्रतिवेदनमा भनिएको छ ।

त्यस्तै कुनै पनि अनुसन्धान निकाय र गैरसरकारी क्षेत्रबाट कुनै पनि प्रतिवेदन नपाएको भन्दै आयोग नै अरुमाथि निर्भर हुन खोजेको देखाएको छ । जबकि नेपाल प्रहरीले सरकारी भवन, प्रहरी कार्यालय तोडफोड र आगजनी गर्नेहरूलाई धमाधम पक्राउ गरिरहेको छ ।

आयोगले घटना भएको समयमा राष्ट्रपति कार्यालय, संसद् भवन, सर्वोच्च अदालत, निजी व्यापारिक प्रतिष्ठान, राजनीतिक दलका पार्टी कार्यालय नजिकै उपस्थित भएका मानिसको केही मोबाइल नम्बर भने उपलब्ध गराएको छ । जसका लागि आयोगले उक्त समयमा नेपाल टेलिकमको टावरमा उपलब्ध भएको बिटिएस डेटा मागी प्रतिवेदनमा उल्लेख गरिएको छ । तर त्यहाँ कुनै मानिसको भौतिक उपस्थितिलेमात्र उनीहरूको संलग्नता नखुल्ने अनुसन्धान विज्ञहरू बताउँछन् । आयोगले २४ गतेको घटनामा समाजिक सञ्जालमा आएका भिडियो, अन्य प्राविधिक पक्षहरू केलाएर सरकारको विज्ञ अनुसन्धान टोली गठन गरेर अभियुक्तसम्म पुग्न सकिने सुझाव दिएको छ ।

### सेनामाथि अपुष्ट आरोप

कार्की आयोगले नेपाली सेनामाथिसमेत अपुष्ट आरोप लगाएको छ । उक्त दिन सिंहदबार र शीतलनिवास सेनाले जोगाउन सक्ने बलियो सम्भावना रहेको प्रतिवेदनमा उल्लेख छ । 'सिंहदरबार र शीतलनिवासका भवनहरू मात्र होइनन् ती त पुरातात्त्विक महत्त्वका मनुमेन्ट र जनताको आस्थाका केन्द्रबिन्दु पनि हुन् । यी भवनहरूमाथिको आक्रमणले नेपाली सेनाप्रति नेपाली नागरिकहरूको आस्था र विश्वास डगमगाएको छ,' प्रतिवेदनमा भनिएको छ, 'सिंहदरबार र राष्ट्रपति भवन शीतलनिवासजस्ता महत्त्वपूर्ण भवनहरूमा चारैतर्फ नेपाली सेनाको बख्तरबन्द गाडीसहित नेपाली सेनाको तैनाथी समयमा नै परिचालन भएको भए प्रदर्शनकारीहरूलाई प्रहरीले भित्र प्रवेश गर्न नदिई बाहिर नै रोकी उक्त धरोहरहरू सुरक्षित राख्न गर्न सक्ने बलियो सम्भावना थियो ।'

### एकै व्यक्तिः कतै कारबाहीको सिफारिस, कतै पुरस्कारको

प्रतिवेदनमा एकै व्यक्तिलाई कतै कारबाहीको सिफारिस गरिएको छ भने कतै पुरस्कृत गर्न सिफारिस गरिएको छ । नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआइजी) सिद्धिविक्रम शाहलाई प्रतिवेदनको ६८९ पृष्ठमा पुरस्कृत गर्न सिफारिस गरिएको छ । त्यस्तै पेज नम्बर ७२५ मा उनलाई कारबाही सिफारिस गरेको भेटिएको छ ।

शाहलाई पुरस्कृत गर्न सिफारिस गर्दै लेखेको छ, 'भदौ २४ गते टंगालस्थित भाटभटेनी र नक्सालको हिल्टन होटल जलाई आक्रमणकारीहरू नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा आक्रमण गर्न खोज्दा कार्य विभाग प्रमुख प्रअमनि शाहले आक्रमणकारीहरूलाई मूल गेटभित्र प्रवेश गर्न नदिई नेतृत्वदायी भूमिका निर्वाह गरी नेपाल प्रहरी प्रधान कार्यालय नक्साललाई पूर्णरूपमा सुरक्षित राख्न सफल भएको हुँदा उनलाई प्रहरी प्रधान कार्यालयले पुरस्कृत गर्नुपर्ने देखिन्छ ।'

कारबाही सिफारिस गरिएको नेपाल प्रहरीका पदाधिकारीहरूको सूचीमा पनि उनको नाम पहिलो नम्बरमा उल्लेख गरिएको छ । आयोगका प्रतिवेदनमा उनलाई विभागीय कारबाही गर्न सिफारिस गरिएको छ । भदौ २३ र २४ मा जेन-जी प्रदर्शन हुँदा कार्य विभागको प्रमुख रहेका शाह अहिले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक छन् ।

### देउवाको घरमा जलेको रकमबारे अर्को अनुसन्धानको माग

आयोगले आफ्नो प्रतिवेदनमार्फत देउवाको घरमा आक्रमण हुँदा फेला परेको जलेको वा नजलेको अवस्थाको रकमबारे कानुनबमोजिम विस्तृत अनुसन्धान गर्न सरकारलाई सिफारिस गरेको छ । 'देउवालगायत अन्य व्यक्तिको घरमा आक्रमण हुँदा जलेको वा नजलेको अवस्थामा भेटिएको रकमबारे कानुनबमोजिम विस्तृत अनुसन्धान हुनुपर्ने,' प्रतिवेदनको पृष्ठ ७२९ मा उल्लेख छ ।

भदौ २४ गते प्रदर्शनकारीहरूले पूर्वप्रधानमन्त्री देउवालगायत अन्य व्यक्तिका घरमा आक्रमण गर्दा त्यहाँ ठूलो मात्रामा नगद फेला परेको विषय बाहिरिएको थियो । उक्त रकमको स्रोत र अवस्थाबारे थप स्पष्ट हुनुपर्ने भन्दै कार्की नेतृत्वको आयोगले यसलाई कानुनी अनुसन्धानको दायरामा ल्याउनुपर्नेमा जोड दिएको हो ।

### इन्फ्लुइन्सरको थर नै गलत

प्रतिवेदनको ७७६ पृष्ठमा केही इन्फ्लुइन्सरले भ्रामक प्रचार गरेको उल्लेख गरिएको छ । उक्त पृष्ठमा टंक ढकाल, सुजन ढकाल, हिमेश पन्त, भाग्य न्यौपानेलगायत व्यक्ति भ्रामक प्रचारमा लागेको उल्लेख छ । उक्त दिन टंक दाहाल नामक व्यक्ति पनि भ्रामक प्रचारमा लागेको बताइन्छ । यदि प्रतिवेदनले टंक दाहाललाई किटान गर्न खोजेको हो भने थरमै गल्ती लेखेको छ ।

यसैगरी पृष्ठ ७७६ मा पत्रकार दिलभुषण पाठकले हिल्टन होटलमा शेरबहादुर देउवा र आरजु देउवाका छोरा जयवीरको लगानी छ भनी तथ्यहीन प्रचार गर्दा हिल्टन होटल जल्न गएको भनी दाबी गरिएको छ । जबकि यसबारे अरु पत्रकारले पाठकलेभन्दा पहिले नै समाचार बनाएका थिए । यो प्रतिवेदनमा हिल्टनमा जयवीरको लगानी भए नभएको कुनै प्रमाण उल्लेख गरिएको छैन । बरु पाठकको प्रचारबाट होटल जलेको सतही दाबी गरिएको छ । उक्त पृष्ठमा यही कारण नेपालमा वैदेशिक लगानी निरुत्साहित हुन गई ठूलो क्षति पुगेको दाबीसमेत गरिएको छ ।

■■■

## द्वन्द्वबाट युएईमा...

'घटना घटिरहेको छ तर लुकाइएको छ । नेपालीहरू कति बेला बम खस्छ भन्ने डरै डरमा बस्नुपरेको छ । हिजो एक दिराम पर्ने टमाटर १० दिराम पुगेको छ । भोकमरी सिर्जना हुने सम्भावना छ,' उपाध्यक्ष खोखालीले भने, 'नेपाल फर्किन्छु भनेर पनि फर्किनसक्ने अवस्था छैन । बल्लबल्ल फ्लाइट खुल्दा तीन लाख तिर्दा पनि टिकट पाइरहेको छैन । त्यहाँको जनजीवन एकदम भयावह छ । नेपालीहरूलाई फर्काउन जरुरी छ ।'

गन्तव्य मुलुक सुरक्षित नभएको अवस्थामा आफ्नो स्वार्थका लागि काम गरिरहेका गैरआवासीय नेपाली संघलगायतले दिएको सुझावका आधारमा सरकारले पुनः श्रम स्वीकृति खुलाएको खोखालीको आरोप छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यही चैत ३ गते सूचना जारी गर्दै सातवटा मुलुकको श्रम स्वीकृति नवीकरण खुलाएको थियो । सरकारले नेपाली श्रमिकलाई फिर्ता ल्याउन प्रभावकारी भूमिका खेल्न नसकेको खोखालीको आरोप छ । यद्यपि, अन्तरिम सरकार बहिर्गमनको अवस्था भएकाले पनि कतिपय निर्णायक कदम चाल्न नसकेको देखिएको उनले बताए ।

जारी द्वन्द्वले लाखौं नागरिकलाई मानसिक चिन्तामा पारेको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्रीले बताए । युद्धरत मुलुकहरूले युद्धको नियम बिर्सिएर आक्रमण गरेको अवस्थामा खाडी क्षेत्र रणमैदान बन्न सक्ने भएकाले जोखिममा के गर्ने भनेर हरदम तयार रहनुपर्ने उनले बताए ।

'१७ देखि २० लाख श्रमशक्ति मानसिक तनावमा त छँदै छ । उनीहरूसँग जोडिएका घरपरिवार पनि त्यही अवस्थामा छन्,' उनले भने, 'इरानद्वारा अमेरिकी बेस क्याम्प र अमेरिका संलग्न भएका ऊर्जा केन्द्र लक्षित आक्रमण भएकाले आत्तिहाल्न पर्दैन भन्नु स्वाभाविक छ । तर आक्रमण गरिरहेका देशहरूले कूटनीतिक मर्यादा भुलेर जेसुकै होस् भनेको अवस्थामा रणमैदान बन्नसक्ने देखिन्छ । सरकारले जोखिम छ भन्ने पाटोबाट सोच्नुपर्छ ।'

नेपालको वैदेशिक रोजगारी पश्चिम एसियामामात्र केन्द्रित भएकाले यस्तो समस्या आएको उनले बताए । वैदेशिक रोजगार विभागको तथ्यांकले नेपालबाट विदेसिने ८० प्रतिशतभन्दा बढी श्रमिक रोजगारीको खोजीमा खाडीमा गएको देखाउँछ ।

अर्का व्यवसायी अख्तर हुसेनले युद्धका कारण व्यवसायीहरू चुपचाप बसिरहेको बताए । ओभरसिज इन्प्लोइमेन्ट प्रालिका सञ्चालक हुसेनले युएई र कतारमा समस्या देखिए पनि उनीहरूको सुरक्षाको जिम्मा त्यहाँको सरकारको भएको बताए । 'कतार, युएईमा अलि समस्या देखिन्छ । तर त्यहाँ पनि सरकार छ । उनीहरूको आक्रमणको प्रतिकार गरिरहेका छन्,' उनले भने, 'रोजगारी गुमेका श्रमिकको खानपान, बसोबासलगायत कम्पनीले व्यहोरिरहेको छ । म साउदीको काम बढी गर्छु, त्यहाँ त अहिले पनि मान्छे मागिरहेको छ ।'

युएई नेपालीहरूको प्रमुख राजेगार गन्तव्य हो । आव २०८०/८१ मा एक लाख ९३ हजार ४३८ जना र २०८१/८२ मा दुई लाख ७४ हजार ५९० जना उक्त मुलुक गएका थिए । गत फेब्रुवरी २८ देखि मार्च २४ सम्म युएईमा इरानबाट ३५७ वटा ब्यालेस्टिक मिसाइल, १५ वटा क्रुज मिसाइल र एक हजार ८१५ वटा ड्रोन आक्रमण भएको त्यहाँको रक्षा मन्त्रालयले जनाएको छ । उक्त मुलुकमा हालसम्म आठ जनाको ज्यान गएको छ भने १६१ जना घाइते भएका छन् । त्यसपछि कतारमा छ, ओमानमा तीन, साउदी र बहराइनमा दुई/दुई जनाको मृत्यु भएको छ ।

■■■

## कम्बोडियामा ...

स्क्यामिङ केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी जनाको गुनासो आएको छ । त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैंककले उद्धार गर्न विनाशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको जनाएको छ ।

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्यांकअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ नेपालीहरू भ्रमण भिसामा कम्बोडिया गएकामा सन् २०२२ मा एक हजार ९७७ जना, सन् २०२३ मा दुई ९४० जना, सन् २०२४ मा छ हजार ४०४ जना तथा सन् २०२५ मा नौ हजार ६७६ नेपालीहरू कम्बोडिया गएको देखिन्छ । नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यानमार थाइल्याण्डलगायतका मुलुकहरूमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावासले अनुरोध गरेको छ ।

■■■

## कसले के...

लेखकले २३ र २४ गतेको घटनालाई आवेगको परिणाम मान्न नसकिने जिकिर गरेका छन् । 'भदौ २३ मा जेनजेड पुस्ताले उठाएका मागहरू मूलतः ठीक थिए भन्ने कुरा मैले सार्वजनिकरूपमा नै भनेको छु,' उनको बयान छ, 'तर त्यस पवित्र मनोभावनामा घुसपैठ भएर भएका दुःखद् घटना र राज्यका ऐतिहासिक तथा अमूल्य संरचनामाथि भएका आक्रमणलाई केवल आवेगको परिणाम भनेर सीमित गर्न मिल्दैन भन्ने मेरो ठम्याइ छ ।'

यस्तै, २३ गते १९ जना नवयुवा मारिएको घटनालाई जोड्दै उनले आफूले फिल्डमा प्रत्यक्ष आदेश नदिने तर नीतिगत निर्देशन, समन्वय र राजनीतिक तहबाट आवश्यक सहजीकरण गर्ने जिम्मेवारी निर्वाह गरेको बताए ।

नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले गत २३ र २४ भदौको घटना नितान्त षडयन्त्र भएको बताएका छन् । जाँचबुझ आयोगको बयानमा देउवाले ती दिनको घटना षडयन्त्रपूर्वक भएको तर कसले गऱ्यो भन्ने थाहा नभएको बताएका छन् । 'प्रहरी कार्यालयमा रिपोर्ट गरेको थिएन । यो नितान्त षडयन्त्र हो, तर कसले गऱ्यो थाहा भएन । मेरो निवासमा भएको तोडफोड, आगजनी र लुटपाट सम्बन्धमा नेपाल प्रहरीले मुचुल्कालगायतका विवरण लगेको हो र कारबाही सम्बन्धमा जानकारी छैन,' उनको बयान छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले जेन-जी विद्रोहलाई गलत तत्वहरूले उपयोग गरेको बयान दिएका छन् । तर, आन्दोलनको पृष्ठभूमि भने सरकारको कार्यशैलीप्रति बढ्दो जनअसन्तुष्टि र आक्रोश भएको उनको बयानमा उल्लेख छ । उनले भनेका छन्, 'सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध त्यसको तत्कालीन कारण बनेको देखिन्छ । २३ भदौमा युवाहरूको आक्रोश प्रदर्शनका रूपमा देखियो भने २४ भदौमा उक्त आन्दोलनको स्वरूप बदलिएको र गलत तत्वहरूले त्यसलाई उपयोग गरेको निष्कर्षमा म पुगेको छु ।'

विघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले सभामुखले प्रधानमन्त्री, गृहमन्त्री वा सुरक्षा निकायलाई गोली प्रहार रोक्न प्रत्यक्ष आदेश दिन सक्ने कानुनी व्यवस्था नरहेको बताएका छन् । उनी २३ भदौमा संघीय संसद् सचिवालय सिंहदरबारमा संसदीय सुनुवाइ समितिका सभापतिको शपथ तथा विधेयक प्रमाणीकरणका काममा व्यस्त रहेको बयान दिएको पाइएको छ ।

उनले भदौ २३ र २४ गतेको विद्रोहको जोखिमको अनुमान कसैले नगरेको पनि बताए । 'अधिवेशन सुरु हुनुअघि सामान्य छलफल हुने गरे पनि जेन-जी आन्दोलनको त्यस स्तरको जोखिम आउने अनुमान कसैले गरेको थिएन, र मलाई पनि कुनै विशेष सूचना प्राप्त भएको थिएन,' उनको बयानमा उल्लेख छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले जेन-जी विद्रोहका क्रममा २४ भदौमा भएको घटनामा आफू र आफ्नो पार्टीको संलग्नता नरहेको जिकिर गरेका छन् । यदि कोही संलग्न भए कारबाही गर्ने चेतावनी दिएका छन् । उनले कार्की आयोगलाई दिएको बयानमा भनेका छन्, 'भदौ २४ को घटनामा मेरो र मेरो पार्टीको संलग्नता नरहेको स्पष्ट पार्दै मैले र राष्ट्रिय स्वतन्त्र पार्टीले कुनै पनि हिंसात्मक क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका नखेलेको जनाएका छौं र यदि कोही संलग्न भेटिए कडा कारबाही गरिने छ भन्ने प्रतिबद्धता व्यक्त गरिएको छ,' उनले भने । लामिछानेले नख्खुस्थित कारागारबाट आफ्नो चाहनाविपरीत बाहिर निस्किएको बयान दिएका छन् ।

प्रधानसेनापति अशोकराज सिग्देलले भदौ २२ गते नै जेन-जी आन्दोलन व्यापक हुनसक्ने जानकारी प्राप्त भएको बताएका छन् । उनका अनुसार भदौ २२ गते बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा राष्ट्रिय अनुसन्धान विभाग तथा अन्य सुरक्षा निकायबाट आन्दोलन व्यापक हुन सक्ने जानकारी प्राप्त भएको थियो । यद्यपि उक्त समयसम्म राष्ट्रिय सुरक्षा परिषद्को औपचारिक बैठक भने नबसेकोले रणनीतिक छलफल हुन नसकेको पनि उनले बयानमा उल्लेख गरेका छन् । उनले विद्रोहको क्रममा क्षति रोक्न सेनाको यथेष्ट सहयोग नभएको भन्ने विषय खारेज गरेका छन् ।

तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडीले जेन-जी आन्दोलनमा आफूले बल प्रयोग गर्न आदेश नदिएको दाबी गरेका छन् । 'फिल्डमा खटिएका सुरक्षा टोलीहरूले त्यहाँको अवस्था र परिस्थितिको विश्लेषणका आधारमा बल प्रयोग गर्ने भएकाले गृहसचिवका तर्फबाट सिजफायर जस्ता प्रत्यक्ष आदेश दिनु मेरो कानुनी अधिकार क्षेत्रभित्र पर्दैन,' उनले बयानमा भनेका छन् ।

यस्तै उनले जेन-जी आन्दोलन शान्तिपूर्ण हुने जानकारी प्राप्त भएकाले यति ठूलो स्तरको हिंसा, आगजनी र तोडफोड हुने अवस्था पूर्वानुमान गर्न नसकेको कुरा भने स्वीकार गरेका छन् । यसबाहेक उनले नवपुस्ताले प्रयोग गरिरहेका रेडिट, डिस्कर्डजस्ता डिजिटल प्लेटफर्मबारे आफूलाई कुनै जानकारी पनि नभएको बताएको पाइएको छ । काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख (हाल रास्वपाका वरिष्ठ नेता) बालेन्द्र शाह (बालेन)ले गत २३ भदौमा भएको जेन-जीको ऱ्यालीमा आफ्नो समर्थन रहेको बताएका छन् । जेन-जी विद्रोहमा भने आफ्नो समर्थन नगरेको उनले बयान दिएका छन् ।

'२०८२ साल भदौ २३ र २४ गते म सरकारीनिवास लैनचौरमा थिएँ । २३ गतेको शान्तिपूर्ण ऱ्यालीमा मेरो समर्थन थियो, तर आन्दोलनमा थिएन,' उनको बयान छ, 'व्यवसायी र रेस्टुरेण्टले आग्रहपछि महानगर प्रहरीले पानी वितरण गरेको हो ।'

टिबेटियन ओरिजिनल ब्लड (टिओबी)का अध्यक्ष तेन्जिनदावा लामाले आफू गत भदौको जेन-जी आन्दोलनमा सहभागी भएको स्वीकारेका छन् ।'चिनजानकाभाइहरूको सहभागिता हुँदैछ भनेकाले म पनि सहभागी भएको हुँ,' उनको बयान छ । टिबेटियन ओरिजिनल ब्लड भन्ने शब्द आफैंले सिर्जना गरेको तर त्यस्तो कुनै संगठन नभएको बयानमा लामाले भनेका छन् ।

## फेरि बढ्यो पेट्रोलियम पदार्थको मूल्य

**काठमाडौं (प्रस)**– नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । पछिल्लोपटक मूल्यवृद्धि गरेको ११ दिन नबित्दै निगमले बुधबार मध्यरातदेखि लागू हुनेगरी डिजेल/मट्टितेल र पेट्रोलको मूल्यमा प्रतिलिटर १५ रूपैयाँ वृद्धि गरेको छ । यसअघि निगमले यही चैत १ गते पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको थियो ।

निगमले पेट्रोलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १८४ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १८६ रूपैयाँ र तेस्रो वर्गमा १८७ रूपैयाँ तथा डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १६४ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १६६ रूपैयाँ र तेस्रो वर्गमा १६७ रूपैयाँ तोकेको छ । मूल्य समायोजनसँगै काठमाडौंमा पेट्रोलको मूल्य प्रतिलिटर १८७ रूपैयाँ पर्ने भएको छ ।

निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायल डिपोलाई तोकेको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढिरहेकाले स्थानीय बजारमा पनि मूल्य बढाउनुपरेको निगमले स्पष्ट पारेको छ । यही मार्च १ देखि २४ तारिखसम्म खरिद गर्ने पेट्रोलको मूल्यमा प्रतिलिटर ७६ रूपैयाँ र डिजेलमा प्रतिलिटर १४३ रूपैयाँ वृद्धि भएको निगमले जनाएको छ ।

**भाडा समायोजन गर्न व्यवसायीको माग**

देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले यातायात क्षेत्रमा भाडा समायोजन गर्न माग गरेको छ । महासंघका महासचिव डेकनाथ गौतमले बुधबार एक विज्ञप्ति जारी गरी डिजेल, पेट्रोललगायतका इन्धनमा मूल्यवृद्धि भएकाले सार्वजनिक यातायात सञ्चालनमा कठिनाइ भएको भन्दै भाडा समायोजन गर्न माग गरेका हुन् ।

महासंघले यातायात व्यवस्था विभागलाई ध्यानाकर्षण गराई भाडा समायोजन गर्न माग गरेको थियो । यातायात व्यवस्था विभागले विसं २०६५ देखि बनेको वैज्ञानिक भाडा समायोजन विधिअनुसार १३ वटा सूचकका आधारमा भाडा समायोजनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पत्राचार गरे पनि भाडा समायोजन हुन नसकेको व्यवसायीले गुनासो गरेका छन् । विभागले यात्रुवाहकतर्फ ११.३३ प्रतिशत, मालवाहकतर्फ तराईमा ८.८१ प्रतिशत र पहाडमा १४.२९ प्रतिशत भाडा समायोजन गर्न मन्त्रालयलाई पत्राचार गरे पनि मन्त्रालयले भने भाडा समायोजन नगर्दा व्यवसायीहरू मर्कामा परेको महांघका कार्यवाहक अध्यक्ष सरोज सिटौलाले बताए ।

महासंघले अब धेरै दिन घाटामा व्यवसाय सञ्चालन गर्न नसकिने र सेवा बन्द गर्नुपर्ने वा विभागबाट भाडा समायोजन गर्न सिफारिस भएबमोजिम भाडा स्वघोषणा गरी लिने विकल्प अपनाउनुपर्ने बताएको छ । महासचिव गौतमले भाडा समायोजन नभए वैज्ञानिक विधिअनुसार भाडा समायोजन गर्न यातायात व्यवस्था विभागबाट सिफारिस भएअनुसारको भाडा लिइ सेवा सञ्चालन गर्न देशभरका यातायात व्यवसायीलाई अनुरोध गर्नेसमेत बताए ।

**स्कुटर हराएको सूचना**

मिति २०८२/०१/२९ गते निम्न विवरणको Dio LED DLZ A3 रातो रंगको स्कुटर पनौती-१, रयाले, काभ्रे घरबाट पार्किङ गरेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : सन्त कुमार तामाङ**
**बाइक नं. : बा.प्र.०३-०४५प५८७२**
**च्यासिस नं.:** ME4JF39JHPD063100
**इन्जिन नं. :** JF39ED1084532
**ठेगाना : पनौती-१, रयाले, काभ्रे**
**मोवाइल नं. : ९८६१५५५६०३**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/०१/२८ मा दर्ता भएको **प्रा. लि. नं. ३३६०७८** को **ईडो नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/१२ गते**

यस कम्पनीको मिति २०८२/१२/०५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **दीप ज्योती इंगलिस वोर्डिङ्ग सप्तरी स्कूल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१२/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेपाल लाइन्स एकेडेमी प्रा.लि. (प्रा.लि.नं. ११८८१२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१२/०१ मा दर्ता कायम भएको **रामकोट कृषि फर्म प्रा.लि.** (प्रा.लि.नं. ३३९०१३/२०७९/०८०) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१२/०२ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्ने बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७४/१२/१६ मा दर्ता भएको प्रा.लि.नं. १८६६८८ को **कास्ट होलिडे प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# ज्येष्ठ सदस्य केसीले लिए शपथ



**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाका नवनिर्वाचित ज्येष्ठ सदस्य अर्जुनरसिंह केसीले पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार केसीलाई शपथ गराएका हुन् ।

राष्ट्रपति कार्यालयमा आज आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले उनलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल उपस्थित थिए ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि संसद् बैठक आह्वान गर्ने तयारी भइरहेको छ । यसैको तयारीका लागि बुधबार प्रतिनिधिसभाका ज्येष्ठ सदस्य केसीले शपथ लिएका हुन् । उनी ७८ वर्षका हुन् । संघीय संसद् सचिवालयका अनुसार आज बिहीबार ज्येष्ठ सदस्य केसीले प्रतिनिधिसभाका नवनिर्वाचित बाँकी २७४ जना सदस्यलाई शपथ गराउने छन् । नयाँ सभामुखको निर्वाचन नभएसम्म ज्येष्ठ सदस्य केसीले संसद् बैठकको अध्यक्षता गर्ने छन् ।

# ‘शून्यताको अवस्थाबाट लोकतन्त्रलाई लिकमा फर्काइयो’

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गराउने क्रममा निर्वाचन आयोगले कायम गरेको मानक आगामी निर्वाचनमा पनि यथावत् हुँदै जानुपर्नेमा जोड दिएकी छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ सम्पन्न भएको अवसरमा निर्वाचन आयोग नेपालले बुधबार बहादुर भवनस्थित कार्यालय परिसरमा आयोजना गरेको जलपान समारोहमा प्रधानमन्त्री कार्कीले देशभरका कुनै पनि मतदान केन्द्रमा पुनःमतदान गर्नु नपर्ने र शान्तिपूर्णरूपमा निर्वाचन सफल भएको मानक आगामी निर्वाचनमा पनि यथावत् राख्नुपर्ने बताएकी हुन् ।

‘यसपटकको निर्वाचनले अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि राम्रो भएको छ, यसबाट नेपालप्रतिको सम्मान बढेको छ, यो निर्वाचनले संवैधानिक प्रणाली र लोकतान्त्रिक मूल्य मान्यतालाई संरक्षण गरेको छ, यसबाट लोकतन्त्रको संवर्द्धन पनि भएको छ,’ प्रधानमन्त्री कार्कीले भनिन् ।

गत भदौ अन्तिम साता आफू प्रधानमन्त्रीमा नियुक्त हुँदा कानुनी र राजनीतिक शून्यता, सुरक्षा संवेदनशीलता भएको स्मरण गर्दै उनले त्यो अवस्थाबाट निर्वाचन सम्पन्न गराई लोकतान्त्रिक मूल्य मान्यतालाई लिकमा अघि बढाइएको बताइन् । सुरुका दिनमा निर्वाचन चुनौतीपूर्ण रहे पनि आयोगको अठोट र सरकारको सहयोगले सम्भव भएको कार्यक्रममा प्रधानमन्त्री कार्कीले जानकारी गराइन् ।

निर्वाचन घोषणा भएपछि जारी गरिएको अध्यादेशअनुसार करिब १० लाख युवा मतदाताले उत्साहपूर्ण रूपमा मतदाता नामावलीमा नाम लेखाइ निर्वाचनमा सहभागी भएर जनप्रतिनिधि चुनेको प्रधानमन्त्री कार्कीले बताइन् । स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गरेकामा उनले आयोगलाई धन्यवाद दिइन् ।


**मलेसियामा रोजगार** कम्पनी : GOLDEN ETNA SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/११ | LT. No. 340207 | चलानी नं. ६०२५३६४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 20 | 0 | 1700 | ६४,५६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १९ गते (2nd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9818104188, Email:- bijay.skypowernepal@gmail.com
श्रम इजाजत नं. १२७५/०७४/७५



**मलेसियामा रोजगार** कम्पनी : V TASTE VEGETARIAN FOOD & BEVERAGE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/११ | LT. No. 340193 | चलानी नं. ६०२५३६२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : V TASTE VEGETARIAN FOOD & BEVERAGE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/११ | LT. No. 340192 | चलानी नं. ६०२५३६२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew | 8 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १९ गते (2nd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com
Govt.Lic. No- 1168/073/074



**मलेसियामा रोजगार** कम्पनी : OMETICK TOOLING SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/११ | LT. No. 340123 | चलानी नं. ६०२५३६४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 25 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FULLFORCE SECURITY SERVICESSDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/११ | LT. No. 333774 | चलानी नं. ६०२४७४७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १९ गते (2nd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Ever Bright Overseas Pvt.Ltd.
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: ±9779802326432
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com
श्रम इजाजत नं. १४६५/०७४/०७५



**कुवेतमा रोजगार** कम्पनी : WAHAJ BOULEVARD HOTEL APARTMENT

पूर्व स्वीकृति मिति : २०८१/१२/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१२/११ | LT. No. 334780 | चलानी नं. ६०२४८३९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 4 | 0 | 150 | ७३,२३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | House Keeping | 0 | 4 | 140 | ६८,३५५ | | | | | | | |
| 3. | Indoor Cleaners | 4 | 4 | 100 | ४८,८२५ | | | | | | | |
| 4. | Kitchen Helper | 4 | 0 | 120 | ५८,५९० | | | | | | | |
| 5. | LIGHT DRIVER/DRIVER | 4 | 0 | 140 | ६८,३५५ | | | | | | | |
| 6. | Receptionist | 4 | 4 | 140 | ६८,३५५ | | | | | | | |
| 7. | Security Guards | 4 | 0 | 130 | ६३,४७३ | | | | | | | |
| 8. | waiter/waitress | 0 | 4 | 140 | ६८,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १९ गते (2nd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075


## Mahagadhimai Municipality

## Office Of The Muncipal Executive

**Bariyarpur, Bara**

## Invitation For Bids

**No: 02**

**Date Of Publication: 2082/12/12**

1. ***Mahagadhimai Municipality, Bariyarpur, Bara*** Invites Electronic Bids From Eligible Bidders For The Procuments Mentioned Below Under National Competitive Bidding.
2. Eligible Bidders May Obtain Further Information About The Bidding Documents At The Office **Of The Mahagadhimai Municipality Bariyarpur, Bara, 9842852832** Or May Visit PPMO Website Www.bolpatra.gov.np

| Contract Number | Description | Estimated Amount With VAT | BID Security (Nrs.) | BID Document fee(Nrs.) | Deadline Of Bid Submmission |
|---|---|---|---|---|---|
| AHP/MGM/ NCB/02/2082/083 | Adharbhut Healthpost Building Construction Work | 37,99,301.01 | 1,07,000.00 | 3,000.00 | 2083/01/13 12:00 PM |

3. The Employer's Reserves The Right To Accept Or Reject Any Bid, And To Annul The Bidding Process And Reject All Bids At Any Time Prior To Contract Award, Without Thereby Incurring Any Liability To Bidders

**Chief Administrative Officer**

**Gandaki Province Government**

**Ministry of Physical Infrastructure Development and Transport Management**

## Infrastructure Development Office

**Kushma, Parbat**

## Notice of Intent to Award The Bid

**Date of publication: 2082/12/12 BS**

Pursuant to Sub Clauses 27.2 and 47 of the Public Procurement Act, 2063, this is to notify all the bidders who submitted their bids as per the notice published in the e-GP portal www.bolpatra.gov.np/egp on 2082/10/26 BS that we intend to award the contract to the respective Lowest Evaluated Substantially Responsive Bidders as presented in the following table.

| S. N. | Name of the Project | Contract ID | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including PS &VAT) |
|---|---|---|---|---|
| 1 | Upgrading of Rahale Chowk - Deupur Taapu - Gauda - Beteni Road and Lausibot - Bhuka - Jhilibarang - Sudame Road, Modi RM | IDO/PAR/ NCB/ W/36/082-83 | Miracle Nirman Sewa, Modi -5, Parbat | 46,89,776.35 |
| 2 | Construction/Upgrading of Melmilap Chowk - Muslim Basti - Hospital Road, Parbat | IDO/PAR/ NCB/ W/38/082-83 | Shivalaya Nirman Sewa, Kushma -9, Parbat | 18,88,790.52 |
| 3 | Construction / Upgrading of Ratamata Radhakrishna Mandir - Bagaincha - Kalika Ma.Vi. Road, Parbat | IDO/PAR/ NCB/ W/39/082-83 | Mission Construction Durlung, Parbat | 23,96,397.29 |
| 4 | Combined Package for the Construction/Upgrading of Mohanchowk - Phadkedhunga - Ratmata Road, Mohanchowk - Phadkedhunga - Thama - Ratmata - Bhotedanda to Hampal, Kaalanjar Area - Jaljala Road and Damuwa Khola Asphalt to Naagliwang - Loprang - Banau Road, Jaljala - 4 and 8, Parbat | IDO/PAR/ NCB/ W/40/082-83 | Bhandari Nirman Sewa, Jaljala -3, Parbat | 81,26,784.94 |

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणी एवं जमानतकर्ताहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारे ९० दिने सूचना

(प्रकाशित मिति २०८२/१२/१२ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणीले ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कूनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ९० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ९० (**नब्बे**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ताभुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिने व्यहोरासमेत यसै सूचनामार्फत जानकारी गराईन्छ । कथंकदाचित तोकिएको समयावधिभित्र ऋणीले बैंकमा सम्पर्क गरी कर्जा चुक्ताभुक्तान नगरेमा वा धितोमा रहेको सुरक्षणबाट कर्जा असुलउपर हुन नसकेमा वा सुरक्षणबाट असुली पर्याप्त नभई बैंकको लेना रकम बाँकी रहेमा जमानतकर्ताहरुलाई समेत यसै सुचना अवगत गरी तोकिएको समयभित्र कर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन तथा उल्लेखित ऋणीले उपभोग गरिरहनुभएको कर्जाको असुलीका सम्बन्धमा बैंकको शाखा कार्यालयमा सम्पर्क गरी थप जानकारी लिनुहुन अनुरोध गरिन्छ, अन्यथा प्रचलित कानूनी व्यवस्थाको अधिनमा रहि ऋणी तथा सम्बन्धित पक्ष र जमानतकर्ताहरुलाई समेत **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं ।

**तपसिल**

### शाखा कार्यालय, लालदरवार

#### १. ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय काठमाडौंमा मिति २०७७/०३/०४ मा दर्ता.नं. २३७२१७/७६/०७७ कायम भई दर्ता रहेको, काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १२ रजिष्टर्ड कार्यालय स्थित **किंस् कलेक्शन प्रा.लि. ।**
**संञ्चालक प्रकृती उप्रेती**

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
|---|---|
| १. **अजय खतिवडा**<br>ना.प्र.नं.- ३०१०१८/१७९२९४<br>जारी मिति - २०६६/०१/१५, जि.प्र.का. काभ्रेपलाञ्चोक<br>बाबु - बिचारी खतिवडा<br>बाजे - पिताम्बर खतिवडा<br>स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, गैरी बिसौना देउपर उ.म.न.पा., वडा न.०६<br>हालको ठेगाना- काठमाडौ जिल्ला, बुढानिलकण्ठ न.पा., वडा न १० | २. **प्रकृती उप्रेती**<br>ना.प्र.नं.- ३००१-०६६-३२२५<br>जारी मिति - २०६६/१२/१२, जि.प्र.का. काभ्रेपलाञ्चोक<br>बाबु - फणिन्द्र राज उप्रेती<br>बाजे - बलराम उप्रेती<br>पति - अजय खतिवडा<br>स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, भुम्लुटार गा.वि.स., वडा न.०१<br>हालको ठेगाना- काठमाडौ जिल्ला, बुढानिलकण्ठ न.पा., वडा न १० |

### केन्द्रिय कार्यालय, टंगाल

#### १. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, काठमाण्डौमा मिति २०६८/१२/२४ मा प्रा.फ.र.नं. ६६१३४/०६६/०६७ कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २२ स्थित रजिष्टर्ड कार्यालय रहेको
**माँ भगवती कन्सर्न प्रा.लि.**
**संञ्चालक - सीमा मारवाडी**

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
|---|---|
| १. **सीमा मारवाडी**<br>ना.प्र.नं.- ३२८०<br>जारी मिति - २०५४/०६/०२, जि.प्र.का. काठमाण्डौ<br>बाबु - कर्ण चन्द्र मारवाडी<br>बाजे - प्यारेलाल मारवाडी<br>पति - प्रमोड अग्रवाल<br>स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा, वडा नं. २२<br>हालको ठेगाना- ऐ.ऐ | २. **प्रमोड अग्रवाल**<br>पसपोर्ट नं. - Z६६००४५८<br>जारी मिति - २०२१/१२/२८ (ई.स)<br>राष्ट्रियता - भारतीय<br>बाबु - शिव दयाल अग्रवाल<br>बाजे - बैजनाथ अग्रवाल<br>हालको ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा, वडा नं. २२ |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०२१-५४२०६२**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# जाँदाजाँदै प्रश्नको घेरामा सुशीला सरकार

**सुशासनको नारासहित गठन भएको सुशीला कार्की नेतृत्व बिदा हुँदै गर्दा थप आलोचित बनेको छ । भदौ २३ र २४ गते भएको जेन–जी विद्रोहको घटनाको जगमा यो सरकार बनेको थियो । पूर्वप्रधानन्यायाधीशसमेत रहेकी कार्कीले प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न गराएकोमा साहसी नेतृत्वको उपमा पाएकी थिइन् । राजनीतिक संकटमा धकेलिएको मुलुकलाई निर्वाचनमार्फत ट्र्याकमा ल्याएको भन्दै सबैले तारिफ गरे । तर जाँदाजाँदै यो सरकारले सुशासनको पक्षमा निर्णय गर्दै प्रश्नमुक्त हुनबाट चुकेको छ ।**

**निर्वाचन सम्पन्न गराउने अभिभारा पूरा गरे पनि आफ्ना स्वकीय सचिव आदर्श श्रेष्ठलाई राष्ट्रिय प्रकृति संरक्षण कोषमा भर्ती गराउन कार्की सफल भइन् । यता गृहमन्त्री ओमप्रकाश अर्याललाई राष्ट्रिय सभाको सदस्यका लागि सिफारिस गरिन् । यद्यपि, उक्त सिफारिस राष्ट्रपति रामचन्द्र पौडेलले ‘होल्ड’ गरिदिएका छन् ।**

**यो सरकारलाई जेन–जी विद्रोहको क्रममा भएको घटनाका दोषीलाई कारबाही गर्ने जनादेशसमेत थियो । तर सुरुमा चुनावको नाममा जेन–जी विद्रोहको प्रतिवेदन सार्वजनिक गर्ने समय लम्ब्याउन म्याद थपिरह्यो । जब फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो, लगत्तै फागुन २४ गते उक्त प्रतिवेदन बुझ्यो । भदौ २३ गते संसद् भवनअगाडि १९ जना युवाको हत्या भएको थियो सरकार पक्षबाट । यसैगरी दोस्रो दिन देशभर सरकारी तथा निजी सम्पत्ति तोडफोड र आगजनी भएको थियो ।**

**प्रतिवेदन बुझेपछि यस्तो घटनाको निष्पक्ष छानबिनका लागि सरकारले दस्तावेज सार्वजनिक गर्नुपर्ने हो । तर अध्ययनकै क्रममा रहेको भन्दै सरकारले यो प्रतिवेदन गुपचुप राखिरह्यो । जब बुधबार यो प्रतिवेदन सञ्चारमाध्यममा आयो, तब सरकार झस्कियो । सञ्चारमाध्यममा आएसँगै सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालले आफूहरूसँग डिजिटल कपी नै नभएको दाबी गर्न भ्याए । तर सरकारमाथि यो प्रतिवेदन सार्वजनिक नगरेको भन्दै जब चौतर्फी प्रश्न उठ्यो, प्रधानमन्त्री कार्यालय हतारहतार बचाउमा उत्रियो ।**

**प्रधानमन्त्री कार्कीले आफ्नो प्रेस सल्लाहकारमार्फत उक्त प्रतिवेदन सार्वजनिक गर्ने निर्णय भइसकेको भन्दै लाज ढाक्ने कोसिस गरिन् । भदौ २३ को घटनामा तत्कालीन सरकार प्रमुख केपी शर्मा ओली जिम्मेवार छन् भनेर देश दुनियाँलाई थाहै छ । निर्वाचनमा जनताले मतबाट ओलीलाई दण्डित गरिसकेका छन् । यस्तो अवस्थामा प्रतिवेदन सार्वजनिक गर्न केले रोकेको थियो कार्की नेतृत्वको सरकारलाई ? यो गम्भीर विषय बनेको छ । यतिमात्र हैन नागरिक सरकारले मन्त्रीहरूको सम्पत्ति विवरणसमेत सार्वजनिक गरेन । अरुमाथि प्रश्न गर्ने तर आफू भने हरेक विषय लुकाएर पारदर्शिता र सुशासनको गफ गर्ने तर आफूले कुनै जिम्मेवारी पूरा नगरी ‘जुन जोगी आए पनि कानै चिरेका’ उखानलाई चरितार्थ पारिदिएको छ, कार्की सरकारले ।**

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# आन्तरिक भ्रष्टाचार बढाउने प्रवृत्ति



❑ बिष्णु गिरी निश्चल

भ्रष्टाचारलाई आर्थिक अपराधहरू सित जोडिन्छ । भ्रष्टाचारलाई आपराधिक अपराधको एक रूप हो जसमा एक व्यक्ति वा संगठनले प्राप्त गरेको अधिकारको स्थितिमा अवैध लाभहरू प्राप्त गर्न वा आफ्नो व्यक्तिगत लाभका लागि शक्तिको दुरूपयोग गर्दछन् । सामान्यरूपमा भन्दा सार्वजनिक पद धारण गरेको व्यक्तिले पदीय शक्तिको दुरूपयोग गरेको अवस्था नै भ्रष्टाचार हो । तर पछिल्लो समय नेपालमा सार्वजनिक पदमा बसेको व्यक्तिको नाम, फोटो या भनौं सरकारी निकायमा बसेका व्यक्तिहरूलाई देखाएर पनि आन्तरिक रूपमा भ्रष्टाचार हुने गरेको छ ।

अभिनेता राजेश हमालको नाममा भ्रष्टाचार गरेको आरोपमा चार जनाविरुद्ध मुद्दा दायर भएको छ । अछामको ढकारी गाउँपालिकाले हमालको तस्बिर प्रयोग गरेर बनाइएको भनिएको वृत्तचित्तका लागि १२ लाख ७७ हजार २५० रूपैयाँ भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो । गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर साउद, निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण साह र लेखापाल विमल साउदविरुद्ध सार्वजनिक सम्पत्ति दुरूपयोग गरी भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ । यो घटनाबाट पनि प्रस्ट हुन्छ कि विभिन्न चर्चित व्यक्तिलाई देखाएर पनि भ्रष्टाचार हुने गरेको छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको पछिल्लो प्रतिवेदनअनुसार नेपाल विश्वका १८० देशमध्ये १२२औं नम्बरमा छ । विश्वमा राजस्व प्रशासन, विकास प्रशासन, प्रहरी प्रशासन तथा न्याय प्रशासनमा भ्रष्टाचार बढी मात्रामा हुने गर्छ । नेपालमा परिवारकै कुरा गरौं- सानो बालकलाई कुनै सामान किन्न पठाउँदा उसलाई सामानको मूल्यभन्दा केही रकम थप दिएर पठाउने चलन छ । जबकि ऊ सजिलै सामान किन्न जान मानोस् । यसले बालकहरूको अबोध मानसपटलमा ‘कमिसन’ खाने प्रवृत्तिको छाप हाम्रो परिवारले नै बसाएको छ । नेपालीहरू छिटोभन्दा छिटो धनी हुने चाहना हुन्छ । यसले पनि भ्रष्टाचार मौलाएको पाइन्छ ।

> नेपालमा सार्वजनिक पदमा बसेको व्यक्तिको नाम, फोटो या भनौं सरकारी निकायमा बसेका व्यक्तिहरूलाई देखाएर पनि आन्तरिक रूपमा भ्रष्टाचार हुने गरेको छ । हरेक मानिसले आफूबाट हैन, अर्कोबाट सदाचार व्यवहारको अपेक्षा गर्छ । आफूले गरेका काम कारबाहीको मूल्यांकन गर्दैनन् । यसले पनि भ्रष्टाचार मौलाइरहेको छ । भ्रष्टाचारमा घुस, आर्थिक अपचलन, नीतिगत भ्रष्टाचार, निर्णयगत भ्रष्टाचार, निर्वाचन भ्रष्टाचार आदि पर्छन् । भ्रष्टाचार प्राकृतिक र कानुनी व्यक्तिबाट हुन सक्ने भए पनि कानुनी व्यक्तिको सञ्चालनमा पनि प्राकृतिक व्यक्ति नै रहने हुनाले मानिसको नै यसमा भूमिका हुन्छ ।




हरेक मानिसले आफूबाट हैन, अर्कोबाट सदाचार व्यवहारको अपेक्षा गर्छ । आफूले गरेका काम कारबाहीको मूल्यांकन गर्दैनन् । यसले पनि भ्रष्टाचार मौलाइरहेको छ । भ्रष्टाचारमा घुस, आर्थिक अपचलन, नीतिगत भ्रष्टाचार, निर्णयगत भ्रष्टाचार, निर्वाचन भ्रष्टाचार आदि पर्छन् । भ्रष्टाचार प्राकृतिक र कानुनी व्यक्तिबाट हुन सक्ने भए पनि कानुनी व्यक्तिको सञ्चालनमा पनि प्राकृतिक व्यक्ति नै रहने हुनाले मानिसको नै यसमा भूमिका हुन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार भ्रष्टाचार बढी हुने कारणहरूमा शक्ति, पद र पैसाको चाहनामा वृद्धि, उच्चस्तरको राजनीतिक तथा आर्थिक हैसियतको तीव्र चाहना, कमजोर प्रजातन्त्र, स्थापित प्रणालीको अभाव, पारदर्शिताको कमी, जवाफदेहिताको कमी, विधिको शासन नहुनु, नागरिक नियन्त्रण र खबरदारीको कमी, सामाजिक जागरण र चेतनाको कमी, गरिबी र आर्थिक अवसरको अभाव, सामाजिक र राजनीति अस्थिरतालगायत छन् ।

सार्वजनिक र सरकारी निकायमा रहेका मानिसले कानुनले तोकेको कार्य नगर्ने, गैरकानुनी तरिकाले घुस वा आर्थिक लाभ लिने, नीतिगत व्यवस्था गरी व्यक्तिगत लाभ लिने वा नीतिको अपव्याख्या गरी आफूलाई लाभ पुग्ने कार्य गर्ने, अख्तियारको दुरूपयोग गर्नेजस्ता कार्यलाई भ्रष्टाचार भनिन्छ । नेपालको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ (ज) मा भ्रष्टाचार भन्नाले ‘भ्रष्टाचार निवारणसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय हुने कसुर सम्झनुपर्छ’ भनिएको छ ।

सार्वजनिक र सरकारी निकायका अख्तियारप्राप्त व्यक्तिले भ्रष्टाचार गर्छन् भने राज्यका अन्य निकायमा त्यसको प्रभाव बढी पर्छ । राजनीतिक नेता भ्रष्ट हुँदा त्यसको प्रभाव सरकार, अदालत, संसद्, सेना, प्रहरी, अख्तियारजस्ता अनुसन्धान गर्ने निकायहरूमा परेको हुन्छ । भ्रष्टाचार सामाजिक अपराध भएकाले यसले समाज, नैतिकता, मानवीयता, संस्कार र संस्कृतिलाई ध्वस्त बनाउने गरेको छ । भ्रष्ट र भ्रष्टाचारीलाई समाजले सबैतिरबाट बहिष्कार र तिरस्कार गर्ने, गलत र नराम्रो मान्दै त्यस्तो गतिविधिलाई परिवार र समाजकै स्तरबाट विरोध र घृणा गरिदिने हो भने यसमा कमी हुन सक्छ । मान्छेको आचार अनि व्यवहारसँग जोडिएको यो ‘भ्रष्टाचार’ शब्द आफैंमा यस्तो एउटा खराब आचरण हो, जसले स्वयं व्यक्तिलाई त निरन्तर खोक्रयाइरहेको हुन्छ नै सँगसँगै त्यसले राष्ट्र अनि राष्ट्रका सारा विधि, कानुन र प्रणालीहरू पनि ध्वस्त पारिरहेको हुन्छ । नेपालमा ‘सुनकाण्ड’लगायतका काण्डहरूले भ्रष्टाचारको डरलाग्दा पहरो देखाउँछ ।

विश्व बैंकको एउटा अध्ययनले गरिब तथा विकासोन्मुख अर्थात् विकास भइरहेका देशहरूमा भ्रष्टाचार बढी भएको तथ्यहरू फेला पारेको छ । विश्व बैंकको त्यो अध्ययन निष्कर्षको एउटा भाव के हो भने भ्रष्टाचार गर्न वा हुनका लागि ‘गरिब’ नै हुनु पर्दैन तर धनीले भ्रष्टाचारै गर्दैन भन्ने पनि होइन । ललितानिवासको जमिन, बाँसबारी र बालमन्दिरलगायतका सरकारी जग्गा जमिनदेखि गिरिबन्धु टी-स्टेटसम्मको लहरोमा बल्झिएका हाम्रा ‘आदर्श’ मान्छेहरूको अनुहारले जोसुकैलाई झस्काउँछ । कोरानाकालमा ‘ओम्नी काण्ड’ त्यसको एउटा ताजा उदाहरण हो । नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने ‘गिरोह’मा मुछिएका राजनीतिक दल र तिनका नेतादेखि उच्च तहका कर्मचारीहरूको मिलेमतो ललितानिवासको जमिन, बाँसबारी र बालमन्दिरलगायतका सरकारी जग्गाजमिनदेखि गिरिबन्धु टी-स्टेटसम्मका काण्डले हामीलाई झस्काइरहन्छ । जसले नयाँ पुस्ताको आशा र भरोसामाथि एउटा नमिठो प्रहार गरेको छ ।

भ्रष्टाचार निवारणका लागि नेपालमा ऐन, कानुन अनि नीति नियमहरू नभएका होइनन् । तर भ्रष्टाचारका निम्ति तिनमा पनि कतिपय त्यस्ता छिद्रहरू राखिएका हुन्छन् जहाँबाट पदासीन व्यक्तिहरू फुत्तफुत्त निस्किन र छिर्न सकून् । अहिले भ्रष्टाचार विश्वभरि नै जटिल सामाजिक रोगको रूपमा देखापरेको छ । भ्रष्टाचार कानुनको कमजोर कार्यान्वयन, शोषणयुक्त सामाजिक संरचना, व्यक्तिको लालची प्रवृत्ति र अतृप्तिको परिणाम हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा मात्रै २०० वटाभन्दा बढी भ्रष्टाचारसम्बन्धी मुद्दा दायर भएका थिए । तीमध्ये धेरैजसो स्थानीय तहको ठेक्का प्रक्रियामा अनियमितता, घुसखोरी, सार्वजनिक सम्पत्तिको हिनामिना र राजस्व छलीसँग सम्बन्धित थिए ।

नेपालको भ्रष्टाचारविरोधी कानुनहरू कमजोर छन् । भ्रष्टाचारको कसूरमा हुने कैद, सजाय न्यून छ । भएका कानुनी प्रावधानहरूको कार्यान्वयनमासमेत प्रभावकारिता देखिएको छैन । सूचनादाताको संरक्षण गर्ने कानुन छैन । निजी क्षेत्रबाट हुने भ्रष्टाचार हेर्ने निकाय तोकिएको छैन । ‘अनुचित कार्य’ कसको जिम्मेवारीमा पर्ने हो, सोको कानुनी स्पष्टता छैन । भ्रष्टाचार मुद्दाको अनुसन्धान र अभियोजन गरिसक्नुपर्ने समयसीमाको कानुनीरूपमा किटान नगर्दा ठूला भ्रष्टाचारका मुद्दाहरूको अनुसन्धान लामो समयसम्म नटुंगिने, मुद्दा दायर भएको लामो समयसम्म अदालतमा अड्किरहने र दोषीहरूले समयमै सजाय नपाउनेलगायतका समस्याहरू छन् । तीनै तहको सरकार, नागरिक समाज, सञ्चारमाध्यम, सामाजिक संघसंस्था एवं निकायबीचको भ्रष्टाचारविरुद्ध एकीकृत र समन्वयात्मक प्रयासलेमात्र भ्रष्टाचार नियन्त्रण सम्भव छ ।

*(लेखक कानुन व्यवसायी हुन्)*

## पाठक मञ्च

# इन्धन संकटको पूर्वतयारीः विकल्प कि बाध्यता ?

हालैका दिनमा पश्चिम एसियामा बढ्दै गएको सैन्य तनाव र त्यसले विश्वव्यापी पेट्रोलियम आपूर्ति शृंखलामा पारेको अवरोधबारे प्रकाशित समाचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । नेपालजस्तो पूर्णरूपमा आयातीत इन्धनमा निर्भर मुलुकका लागि यो परिस्थिति निकै चुनौतीपूर्ण छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल आयल निगमले इन्धन खपत घटाउन ‘जोरबिजोर प्रणाली’, ‘साप्ताहिक दुईदिने बिदा’ र ‘वर्क फ्रम होम’ जस्ता विकल्पहरूमा छलफल सुरु गर्नुलाई समयोचित ‘पूर्वतयारी’ मान्न सकिन्छ । तर, यी विकल्पहरूको विगतको प्रयोग र वर्तमान व्यावहारिकतालाई सूक्ष्म ढंगले विश्लेषण गर्न जरुरी देखिन्छ ।

विगतमा २०७२ को अघोषित नाकाबन्दी र कोभिड-१९ को समयमा पनि हामीले जोरबिजोर प्रणालीको अभ्यास गरेका थियौं । यसले सडकमा सवारीसाधनको संख्या घटाएर इन्धन बचतमा केही मद्दत गरे पनि सार्वजनिक यातायातमा हुने अत्यधिक भीडभाड र यात्रुले भोग्नुपर्ने सास्ती बिर्सन सकिँदैन । विशेषगरी कार्यालय समयमा सार्वजनिक बसमा खुट्टा राख्ने ठाउँ नहुँदा सर्वसाधारणको दैनिकी निकै कष्टकर बनेको थियो । फेरि पनि उही शैलीको जोरबिजोर लागू गर्दा न्यून आय भएका र सार्वजनिक यातायातमा निर्भर वर्गलाई पर्ने मर्काप्रति सरकार संवेदनशील हुनुपर्छ ।

अर्कोतर्फ, साप्ताहिक दुईदिने बिदा र घरबाटै काम गर्ने (वर्क फ्रम होम) अवधारणा सुन्दा आकर्षक लागे पनि नेपालको सरकारी कार्यसम्पादन र सेवा प्रवाहको प्रकृतिअनुसार यो कत्तिको प्रभावकारी होला ? यसअघि पनि परीक्षणका रूपमा दुईदिने बिदा लागू गरिएता पनि सेवाग्राहीको चाप र कार्यसम्पादनमा आएको गिरावटका कारण त्यसलाई फिर्ता लिइएको थियो । डिजिटल पूर्वाधारको अभावमा ‘वर्क फ्रम होम’ केवल कागजमा सीमित हुने जोखिम छ । यस्ता निर्णय गर्नुअघि सेवा प्रवाहमा असर नपर्नेगरी ठोस कार्यविधि बनाउनु आवश्यक छ ।

इन्धनको मूल्यवृद्धि र निगमको घाटा कम गर्न खपत घटाउनु अनिवार्य छ, तर यसको समाधान केवल प्रतिबन्धमात्र होइन । अहिले नेपालमा लोडसेडिङ अन्त्य भइसकेको अवस्थामा सरकारले सर्वसाधारणलाई ‘इण्डक्सन’ चुलो प्रयोग गर्न केवल आग्रहमात्र गरेर पुग्दैन । विद्युतीय उपकरणमा भन्सार छुट, विद्युत् महसुलमा थप सहुलियत र भरपर्दो भोल्टेजको सुनिश्चितता हुनुपर्छ । ग्यास बुलेटको भर पर्नुको साटो घरघरमा बिजुलीको प्रयोग बढाउनु नै दीर्घकालीन समाधान हो ।

साथै, यस्तो संकटको समयमा बजारमा कृत्रिम अभाव सिर्जना गर्ने र कालाबजारी गर्ने गिरोह सधैं सक्रिय हुन्छन् । आपूर्ति व्यवस्थापनलाई पारदर्शी बनाउन र व्यापारीहरूले गर्ने मनोमानी रोक्न प्रभावकारी अनुगमनको खाँचो छ । दैनिक ज्यालादारीमा बाँच्ने श्रमिक र साना व्यवसायीहरूलाई यस्ता निर्णयले पार्ने आर्थिक प्रभावबारे पनि सरकारले राहतका प्याकेज सोच्नुपर्छ ।

अन्त्यमा, संकट आएपछि मात्र आत्तिने र हचुवाको भरमा निर्णय गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । इन्धनमाथिको परनिर्भरता घटाउन विद्युतीय सवारीसाधन र ऊर्जाको स्वदेशी विकल्पलाई प्राथमिकता दिनु नै राष्ट्रिय हितमा हुने छ । सरकारले अघि सारेका विकल्पहरूलाई नागरिकले साथ दिने छन्, तर त्यसले सर्वसाधारणको ढाड सेक्ने काम नगरोस् भन्नेमा सम्बन्धित निकायको ध्यान जाओस् ।

**- कमलकुमार श्रेष्ठ**
धुम्बाराही, काठमाडौं

# उदाउँदो सूर्यलाई अर्घ्य दिएर मनाइयो वासन्ती छठ



**महोत्तरी–** मधेसको प्राचीन मिथिला क्षेत्रमा बुधबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै यसपालिको वासन्ती छठ पर्व व्रतालुले सम्पन्न गरेका छन् । मंगलबार साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएका व्रतालुले बुधबार बिहान सूर्योदय भएसँगै दोस्रो अर्घ्य दिएर पर्व सम्पन्न गरेका हुन् ।

मिथिलामा वासन्ती छठलाई बोलीचालीमा 'चैती छठ' भनिन्छ । वसन्त ऋतुमा मनाइने हुँदा यसलाई वासन्ती छठ भनिएको पाका मैथिल बताउँछन् । चैत शुक्लपक्षमा मनाइने हुँदा आमबोलीमा यसलाई 'चैती छठ' भन्ने गरिएको बर्दिबास-१४ हटियाका ७५ वर्षीय रामअयोध्या साह बताउँछन् ।

चारदिने यो पर्व चैत शुक्ल चौथी (चतुर्थी) देखि सप्तमीसम्मको हुन्छ । यसपालि गत आइतबार चैत शुक्ल चतुर्थी (चौथी)का दिन 'नहाय-खाय' र सोमबार पञ्चमी तिथिका दिन व्रतालुले 'खरना' विधि सम्पन्न गरेका थिए । यसैगरी मंगलबार षष्ठी तिथिको निराहार व्रत बसेर व्रतालुले साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएका थिए । यो पहिलो अर्घ्यलाई यहाँ 'सझुका अरख' भन्ने गरिएको छ । त्यसैगरी उदाउँदो सूर्यलाई दिइने अर्घ्यको विधिलाई 'भोरका अरख' वा 'पारन' भनिन्छ ।

पर्वको पहिलो दिन स्नान गरेर चोखोनीतिो खाने चलन छ । यस दिन व्रतमा अपवित्र मानिने लहसुन, प्याज र कोदोसहितका खाद्यपदार्थ प्रयोग गरिन्नन् । अरवा चामलको भात खाइने हुँदा यस दिनलाई 'अर्बाअर्बाइन' पनि भनिन्छ । यसैगरी दोस्रो अर्थात् 'खरना'का दिन दिनभरि उपवास रही राति सक्खर हालेर पकाइएको खिर इष्टदेवलाई चढाएर व्रतालुले खान्छन् । यो प्रसाद खाएपछि निराहार व्रत प्रारम्भ हुन्छ । षष्ठी तिथिका दिन निराहार व्रत रही साँझ पवित्र जलासयमा बनाइएको घाटमा गई अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य (अर्घ) दिने परम्परा छ । यस क्रममा फलफूल र ठकुवा (गहुँको पीठोबाट बनाइएको मिष्टान्न परिकार), भुसुवा (कसार) र अन्य परिकार राखिएको डाला हातमा उठाएर सूर्यदेवलाई देखाइन्छ । कम्मरसम्म पानीमा चोबलिएर सूर्यलाई अर्घ्य दिने परम्परा छ । चौथो अर्थात् सप्तमी तिथिका दिन बिहान उदाउँदो सूर्यलाई यिनै प्रसाद सामग्री देखाएर अर्घ्य दिई व्रतालुले व्रत समापन गर्ने छन् ।

शरद् र वसन्त ऋतुमा गरी वर्षमा दुईपटक मनाइने छठ सूर्य र सूर्य पत्नी षष्ठीको उपासनाको पर्व मानिन्छ । शरद् ऋतुमा कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले यो पर्व सम्पन्न गरिन्छ ।

यो व्रतका प्रभावले हरेक मनोकांक्षा पूरा हुने विश्वास गरिन्छ । मिथिलामा यो पर्व द्वापर युगमा श्रीकृष्ण पुत्र साम्बले कुष्ठरोग निवारणका लागि गरेका र त्यसैबेलादेखि प्रारम्भ भएको मानिन्छ । यस्तै महाभारतकालमै पाण्डवले गुप्तवास सफलताको कामना गरेर सूर्यदेवको आराधना गरेका र सति अनसुइयाले सूर्य उपासना गरेको जनश्रुति पनि छ । यो व्रत प्रभावले छालाजन्य रोग  नलाग्ने जनविश्वास पनि छ । *रासस*

# दुर्घटना बढेपछि ताथली–नाला सडकमा पुग्यो सुरक्षा अधिकारीको टोली

**भक्तपुर–** अरनिको राजमार्गको वैकल्पिक सडकको रूपमा रहेको च्यामङसिह-ताथली-नाला सडकमा दैनिक दुर्घटना बढेपछि जिल्लास्थित सुरक्षा निकायको टोली दुर्घटना न्यूनीकरणको उपाय खोज्न सडक अनुगमनमा पुगेको छ ।

भक्तपुरको सूर्यविनायक-बनेपा-धुलिखेल छ लेन सडक विस्तार सम्पन्न गर्न ढिलाइ भएसँगै बनेपा चोकबाट ताथली-नाला हुँदै च्यामासिंह निस्कने सडकमा दैनिक दुर्घटना बढेपछि स्थानीयवासीलाई चिन्ताको विषय बनेको छ । उक्त सडकमा अत्यधिक सवारी चाप बढेको छ ।

दैनिक दुर्घटनाको गुनासो आएपछि भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको नेतृत्वमा बुधबार जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्का, जगाती प्रहरी वृत्तकी प्रहरी नायब उपरीक्षक चञ्चला श्रेष्ठ, जिल्ला ट्राफिक प्रहरी परिसरकी ट्राफिक प्रहरी निरीक्षक झरना सुनार, चाँगुनारायण नगरपालिका-९ का वडाध्यक्ष गणेश त्यातलगायतका टोलीले उक्त सडकमा दुर्घटना हुने मुख्य क्षेत्रहरूको अनुगमन गरेको हो ।

सडकमा अत्यधिक सवारी चाप हुने र मोटरसाइकलदेखि साना सवारीसाधनको तीव्र गतिका कारण दैनिक दुर्घटना बढेको सुरक्षा निकायदेखि जनप्रतिनिधिले निष्कर्ष निकालेका छन् । स्थानीय दत्तात्रय खाद्य उद्योगका सञ्चालक सञ्जीव मधिकर्मीले यसक्षेत्रमा एकैदिन आफ्नै आँखा अगाडि तीनवटासम्म दुर्घटनामा भएको बताउँदै दैनिक दुर्घटनाले निकै चिन्ता बढाएको बताए । दुर्घटना बढेपछि उद्योगको गेटमा सडकतर्फ फर्काएर तीनवटा सिसीक्यामरा जडान गरेपछि दुर्घटना हुँदा फरार हुने सवारीसाधन पत्ता लगाउन प्रहरीलाई सहज भएको बताउँदै दुर्घटना न्यूनीकरणको उपाय अवलम्बन गर्न आवश्यक रहेको सुझाव टोलीलाई दिए ।

चाँगुनारायण नगरपालिका-९ का वडाध्यक्ष गणेश त्यातले एक वर्षअघि चाँगुनारायण नगरपालिकाले नौवटा सिसीक्यामेरा जडान गरे पनि मालवाहक ठूला सवारीसाधनले तार चुँडालिदिएपछि अहिले एउटा पनि सञ्चालनमा नरहेको बताए । उनले सिसीक्यामरासँगै यहाँ सडक बत्तीकोसमेत आवश्यकता रहेको छ भने ।

सिसीक्यामेरासमेत नहुँदा दुर्घटना गरेर सवारीसाधन भाग्ने र गल्ती गर्नेलाई कारबाही गर्नसमेत समस्या भएको बताउँदै प्रहरी वृत्त जगातेकी प्रमुख श्रेष्ठले सिसीक्यामेरा जडान र सचेतनामूलक बोर्ड राख्न सके दुर्घटना न्यूनीकरणका साथै अनुसन्धानमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गरिन् ।

साँघुरो सडकमा सवारी चाप, चालकमा अनुशासनको कमी र द्रुतगतिमा सवारी हुइक्याउने प्रवृत्तिले दुर्घटना बढेको भन्दै बढी जोखिम हुने सडकमा ट्राफिक प्रहरीको उपस्थिति र कारबाही बढाउनुपर्ने स्थानीयवासीको भनाइ छ । यस क्षेत्रमा सञ्चालनमा रहेका इँटाभट्टा, विभिन्न उद्योगहरूले सडकतर्फ सिसीक्यामरा जडान गर्ने र रातिका लागि सडक बत्तीको व्यवस्था गराइदिनसमेत स्थानीयवासीले माग गरेका छन् ।

जिल्ला ट्राफिक प्रहरी प्रमुख सोनारले डमी ट्राफिक माग गरिरहेको, जनशक्ति कम भएकाले समस्या भएको, यस क्षेत्रमा तत्कालै एक प्रहरी पोस्ट स्थापना गर्न आवश्यक भएको, जनचेतनामूलक पोस्टर राख्न, सिसीक्यामरा, सडक बत्तीको व्यवस्था गरिदिन सके दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने बताए ।

अनुगमनका क्रममा प्रजिअ ढकालले दुर्घटनाग्रस्त क्षेत्रमा तत्काल सुरक्षाकर्मी राखेर ट्राफिक अनुशासन कायम गराउने, कारबाही प्रक्रिया अगाडि बढाउने, 'फ्लेक्स बोर्ड,' सिसीक्यामेरा राख्न पहल गर्ने बताए । उनले वडाध्यक्ष त्यातलाई तत्कालै यस क्षेत्रका व्यवसायीसहित सरोकारवालाको बैठक बोलाएर यहाँको समस्या समाधानका लागि पहल गर्न निर्देशन दिए ।

प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले बनेपा जगातेको सडकमा घण्टौं जाम हुने भएपछि यस सडकमा सवारी चाप बढेको बताए । उनले सडक डिभिजन कार्यालयसँग पनि यसबारेमा छलफल आवश्यक रहेको बताए । *रासस*

# कर्णालीको १० वर्षीय शिक्षा योजना निर्माण अन्तिम चरणमा

**कर्णाली–** कर्णाली प्रदेश सरकारले १० वर्षीय शिक्षा योजना निर्माण गर्ने भएको छ । प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले शैक्षिक वर्ष २०८२/८३ देखि २०९१/९२ सम्मका लागि १० वर्षीय शिक्षा योजना निर्माण गर्न लागेको हो । यसका उक्त मन्त्रालयले गठन गरेको कार्यदलबाट अन्तिम मस्यौदा तयार गरी कार्यान्वयनका लागि पेस गर्ने निर्णय गरिएको मन्त्रालयका शैक्षिक विकास महाशाखा प्रमुख सुवर्ण खड्काले जानकारी दिए ।

'समृद्ध प्रदेश र सुखारी कर्णालीवासीको प्रमुख आधारः गुणस्तरीय शिक्षाको लागि पर्याप्त लगानीमा शैक्षिक पूर्वाधार' भन्ने दूरदृष्टिसहित योजना निर्माण गरिएको उनले बताए । 'ज्ञान, सीप र सकारात्मक सोचयुक्त माध्यमसहित उच्चस्तरको खुसी, दक्ष एवं प्रतिबद्ध जनशक्ति उत्पादन गर्ने ध्येय यसको रहेको छ,' उनले भने, 'जसबाट कर्णालीलाई अति कम विकसित प्रदेशबाट विकासोन्मुख प्रदेशको रूपमा स्तरोन्नति हुने अपेक्षा गरेका छौं ।'

उनका अनुसार शिक्षा क्षेत्र योजनामा शिक्षासम्बन्धी मौलिक हकको कार्यान्वयन गर्दै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको माध्यमबाट विभिन्न क्षेत्रमा सक्षम नेतृत्वयोग्य मानव संशाधन विकास गर्ने उद्देश्य रहेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरबाट सीपयुक्त उद्यमशील जनशक्ति निर्माण, नागरिक साक्षरता शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु रहेको महाशाखा प्रमुख खड्काले बताए । *रासस*

# सुदूरपश्चिममा क्षयरोगको समस्या बढ्दै

**सुदूरपश्चिम–** जनस्वास्थ्यको मुख्य समस्याका रूपमा रहेको क्षयरोगको समस्या सुदूरपश्चिम प्रदेशमा बढ्न थालेको छ ।

क्षयरोगको उपचारका लागि 'डट्स' कार्यक्रम (चिकित्सकको निगरानीमा औषधि खुवाउने विधि) प्रभावकारी देखिए पनि समुदायमा अपेक्षितरूपमा रोगी पत्ता नलाग्दा यो रोगको समस्या बढेको स्वास्थ्यकर्मीले बताएका छन् । स्वास्थ्य निर्देशनालय दीपायलका क्षयकुष्ट निरीक्षक मनोज ओझाले लक्ष्यअनुसार रोगी पत्ता नलाग्दा यो रोगको समस्या बढेको देखिएको बताए ।

उनले भने, 'हाम्रो देशमा उपचार पद्धति राम्रो भयो, तर उपचारको दायरामा नआउनेको रोगकै कारण मृत्यु हुने गरेको अनुमान छ, प्रदेशभरि ४० प्रतिशत बिरामी अझै पनि उपचारमा आउन नसकेको अनुमान छ ।' लक्षण देखिने बिरामी स्वास्थ्य संस्थामा समयमै नआउने, सबै ठाउँमा पिसिआर(रोग पत्ता लगाउने जाँचको विधि)को पहुँच बढ्न नसक्नु, जाँच गर्नुपर्ने काममा फिल्ड तहमा कमी भइरहेको र लक्षण देखिएको बिरामी पनि उपचारमा ढिलो गरी आउनेजस्ता कारणले रोगीको संख्या बढेको देखिएको ओझाले बताए ।

जनसंख्याको चाप, बसाइँसराइ, भारतसँगको खुला सिमाना, गरिबी, जनचेतनाको अभाव आदिका कारण क्षयरोग नियन्त्रणमा चुनौती रहेको स्वास्थ्यकर्मीहरू बताउँछन् । प्रदेशमा दर्ता भएकामध्ये ६५ वर्ष उमेरमाथिकामात्रै २६ प्रतिशत यो रोगका बिरामी छन् । सबैभन्दा बढी बिरामी कैलाली जिल्लामा छन् । प्रतिलाख जनसंख्याको हिसाबले यो रोगका बढी बिरामी कञ्चनपुरमा छन् ।

प्रदेशमा बर्सेनि क्षयरोगीको दर बढ्दै गएको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष २०७७/७८ मा दुई हजार ८२६ जना, आव ०७८/७९ मा तीन हजार ४२४ जना, आव २०७९/८० मा तीन हजार २१४ जना, आर्थिक वर्ष २०८०/८१ मा तीन हजार ६१८ जना रहेकोमा आव ०८१/८२ मा तीन हजार ६४८ जना बिरामी पुगेको निर्देशनालयको तथ्यांकमा उल्लेख छ ।

चालु आवको माघ मसान्तसम्म प्रदेशमा एक हजार ८४० क्षयरोगीका बिरामी पुगेका छन् । यीमध्ये कैलालीमा ८१२ र कञ्चनपुरमा ५०४ बिरामी छन् । आव २०८१/८२ को माघ मसान्तसम्ममा डोटीमा ७८, अछाममा ८३, बैतडीमा ८३, बझाङमा ५८, बाजुरामा ८१, डडेलधुरामा ७२ र दार्चुलामा ६९ जना क्षयरोगका बिरामी पुगेका छन् ।

चालु आवमा प्रदेशका कूल बिरामीमध्ये ६५ जनाको मृत्यु भएको निर्देशनालयले जनाएको छ । नेपालमा हुने क्षयरोगीमध्ये ७५ प्रतिशतभन्दा बढी फोक्सोको क्षयरोगले पीडित हुने गरेको अनुमान छ । ग्रन्थी, पाठेघर, पेट, कलेजो, मिर्गौला, मष्तिष्कमा पनि क्षयरोगको संक्रमण हुने गर्छ ।

सरकारले क्षयरोगको उपचार व्यवस्था निःशुल्क गरेको छ । सन् २०३५ सम्म क्षयरोग निर्मूल पारी क्षयरोगले हुने मृत्युमा ९५ प्रतिशतले कमी ल्याउने योजना सरकारको छ । लामो समयदेखि खोकी लागेमा, खकारमा रगत देखिएमा, श्वास फेर्न गाह्रो या छाती भारी भइरहेमा, अकस्मात् धेरै तौल घटेमा, पसिना आउने धेरै भएर थकानको महसुस बढी भएमा नजिकैको स्वास्थचौकी गएर स्वास्थ्य परीक्षण गर्नुपर्ने सल्लाह स्वास्थ्यकर्मीको छ । *रासस*

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक ३२४ चैत १० गते २०८२ मा श्री ग्वासी समैजी सामुदायिक वन उपभोक्ता समूहले प्रकाशित गरेको **काठ/दाउरा बोलपत्र लिलाम सूचनाको १५ दिने सूचनामा** दोश्रो पटक प्रकाशित मिति २०८२ चैत १० हुनुपर्नेमा अन्यथा भएकोले सच्याएको जानकारी गराइन्छ ।


## मलेसियामा रोजगार

कम्पनी : UNCLE XIAN NOODLES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/११ | LT. No. 340211 | चलानी नं. ६०२५३६४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 12 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १९ गते (2nd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARCTIC OVERSEAS PVT. LTD. (Artic International Pvt Ltd.)
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376112
E-mail : arcticinternational09@gmail.com
Govt. License No. 1781/082/083



## गोकर्णेश्वर नगरपालिका
### शिक्षा, युवा तथा खेलकुद शाखा
जोरपाटी, काठमाडौं

### विद्यालयको गुठियार परिवर्तन सम्बन्धमा ३५ दिनको दाबी विरोध सम्बन्धी सूचना

सुनौलो भविष्य आवासीय स्कुल निजी शैक्षिक गुठी, गोकर्णेश्वर ५, काठमाडौंले विद्यालयको गुठियारहरु श्री संजीव फुयाल, साविक गोठाटार ४, काठमाडौं, श्री विवेक दुलाल, गोकर्णेश्वर ६, काठमाडौं, श्री महेश्वर फुयाल, साविक गोठाटार ४, काठमाडौं, श्री दिवाकर खतिवडा, साविक गोठाटार ४, काठमाडौं र श्री राजकुमार खतिवडा, साविक मुलपानी ८, काठमाडौंसमेत ५ जनाको नाममा रहेकोमा अबउप्रान्त श्री विवेक दुलाल, गोकर्णेश्वर ६, काठमाडौं, श्री महेश्वर फुयाल, साविक गोठाटार ४, काठमाडौं, श्री दिवाकर खतिवडा, साविक गोठाटार ४, काठमाडौं र श्री सति देवी बञ्जरा, साविक हैबुङ ७, सिन्धुपाल्चोक समेत ४ जनाको नाममा कायम गर्न माग भई निवेदन प्राप्त भएकोले सोसम्बन्धमा कोही कसैको दाबी विरोध भएमा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सप्रमाण उजूरी पेश गर्ने सम्बन्धमा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समयसिमाभित्र उजुरी पेश नभएमा माग बमोजिम नियमानुसार भई जाने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



### इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि.को कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्बजनिक सूचना

प्रकाशित मिति : २०८२/१२/१२

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिय समय सयममा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज हर्जाना लगायत अन्य दस्तुर आदि नतिरी सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखित तथा लिखित रुपमा तर ताकेता गरेको मिति २०७९/०८/२८ कारोबार दैनिक पत्रिकामा ३५ दिने सूचना मिति २०७९/१०/०४ मा कारोबार दैनिक पत्रिकामा १५ दिने सूचना र मिति २०८०/०९/२४ पुन ३५ दिने कारोबार दैनिक पत्रिकामा प्रकाशित गरि सकेको गर्दा पनि सहकारीको कर्जा/ब्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी वसेकोले यो कर्जा/ब्याज चुक्ता गर्न आउने बारे सार्वजनिक सूचना प्रकाशित गरिने छ । उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी झै झमेला नभएको, नियमावली तथा यस सहकारीको कर्जा नीति र नियम बमोजिम धितो लिमामको सूचना प्रकाशित गरीने भएकोले तोकिएको समयभित्र संस्थामा उपस्थित भै कर्जा चुक्ता गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा तपाईलाई सहकारी ऐन अनुसार कालो सुचीमा राखीने ब्यहोरा र तपाईको अन्य सम्पती रोक्का राखीने ब्यहोरा समेत अवगत गराउदछौ ।

**तपशिल**

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवराण | व्यक्तिगत जमानत दिनेको नाम तथा ठेगाना |
|---|---|
| कर्जाको शिर्षक :ब्यबसायीक कर्जा<br>नाम : **मिना भण्डारी पाण्डेय**<br>बाबु : पुरुषोत्तम पाण्डेय<br>बाजे/ससुरा : यज्ञ प्रसाद भण्डारी<br>ठेगाना : तारकेश्वर, अर्यालतार ५  | १. राम शरन भण्डारी<br>का.म.न.पा. १६  |

**धितो सुरक्षण विवरणः** काठमाण्डौ जिल्ला, काभ्रेस्थली वडा नं. ५ स्थित श्री मिना भण्डारी पाण्डेयको नाममा रहेको कित्ता नं. २४७७ को क्षे.फ १२७.१६ भएको सम्पूर्ण घरजग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।

**नोट :** यस संस्थाबाट कर्जा लिएर समय समयमा व्याज र किस्ता नवुझाएका ऋणी सदस्यहरु सबैलाई संस्थामा सम्पर्क गरी आफुले बुझाउनु पर्ने साँवा व्याज नियमित गर्नुहन अनुरोध गरिन्छ । अन्यथा यसैगरी पत्रिकामा सूचना प्रकाशित गरी आवश्यक कानूनी कार्वाही अगाडी बढाईने छ ।

**इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि**
काठमाण्डौं- बालाजु १६, फोन नं. ४९६५३०३/४९६३७७१
Email: eco.himal25@yahoo.com



## Pakahamainpur Rural Muncipality
## Office of the Muncipal Executive
**Pakahamainpur, Parsa**
**Madhesh Province, Nepal**

### Intention for Award of Contract

**Date of Publication: 26th March 2026(2082/12/12)**

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidder have been selected to award the contract as per the Invitation for Bids published on Prabhaw National Daily Newspaper on 2082/09/29. Pakaha Mainpur Rural Municipality intends to award the contract to the same.

| S.N | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT and PS (NRs.) |
|---|---|---|---|
| 1 | 01/PMRM/NCB/W/2082/083/ Construction of adhuro Shree Ram Charitra Bhagat Higher Secondary School (First and Second floor), Pakaha Mainpur-3, Parsa | Dibya Suryodaya / Dwivedi JV, Pakahamainpur -04, Parsa | 2,35,55021.83 |

**Chief Administrative Officer**


# प्रभाव दैनिक

बिहीबार, १२ चैत २०८२ (Thursday, 26 March 2026)


रूपशाला

## पशुपतिमा बलिउड अभिनेत्री सोनल

चर्चित बलिउड अभिनेत्री सोनल चौहानले बुधबार काठमाडौंको प्रसिद्ध पशुपतिनाथ मन्दिरको दर्शन गरेकी छन् । सन् २००८ मा अभिनेता इमरान हासमीसँग 'जन्नत' फिल्मबाट बलिउडमा डेब्यु गरेर चर्चामा आएकी सोनलले आफ्नो नेपाल भ्रमणका क्रममा पशुपतिनाथ पुगेर पूजाआजा गरेकी हुन् । उत्तर प्रदेशको राजपूत परिवारमा जन्मिएकी सोनल सन् २००५ मा 'मिस वर्ल्ड टुरिज्म' को उपाधि जित्ने पहिलो भारतीय सुन्दरी समेत हुन् । मोडलिङ र गायनमा समेत सक्रिय रहेकी उनले पशुपतिनाथ भ्रमणका केही तस्बिरहरू आफ्नो आधिकारिक फेसबुक पेजमार्फत सार्वजनिक गरेकी छन्। तस्बिरहरूमा उनी आध्यात्मिक अवतारमा देखिएकी छन् ।



रंगशाला


साफ यू-२० च्याम्पियनसिप

# सुवासको निर्णायक गोलमा श्रीलंकाविरुद्ध जित हात पार्दै नेपाल सेमिफाइनल नजिक

■ प्रभाव संवाददाता

**काठमाडौं** – विंगर सुवास वमको निर्णायक गोलमा नेपालले श्रीलंकामाथि १-० को साँघुरो जित हासिल गरेको छ । जितसँगै नेपालले सेमिफाइनलमा आफ्नो एक पाइला अगाडि सारेको छ ।

मालेस्थित राष्ट्रिय फुटबल रंगशालामा सुवासले पहिलो हाफमा नेपाललाई अग्रतामा ल्याएका थिए । सुवासले कप्तान धर्वेन्द्र कुँवरको पासलाई सदुपयोग गरे । राइट साइडमा धर्वेन्द्रको क्रसलाई उनले सर्वप्रथम नियन्त्रणमा लिए । त्यसपछि दोस्रो बारमा लोअर प्रहार गरे ।




समूह 'ए'मा नेपालको यो लगातार दोस्रो जित हो । उद्घाटन खेलमा नेपालले भुटानलाई २-१ ले हराएको थियो । श्रीलंकाले आफ्नो पहिलो खेलमा माल्दिभ्सलाई ३-२ ले हराएको थियो ।

खेलअवधिभर सुवास छाए । उनीबाट ह्याट्रिक सम्भव थियो । तर, क्रसबार बाधक बन्दा उनले थप दुई गोल आफ्नो नाममा लेखाउन सकेनन् । पहिलो हाफमा गोल हुनुअघि सुवासको शक्तिशाली प्रहार क्रसबारमा लागेर फर्किएको थियो । रिबाउन्ड बललाई धर्वेन्द्रले हेडरमार्फत पोस्टको दिशा दिए । उक्त हेडर पनि क्रसबारमा लागेर फर्कियो ।

दोस्रो हाफमा पनि त्यही कथा दोहोरियो । ६०औं मिनेटमा तीन विपक्षी खेलाडीलाई छक्याउँदै सुवासले राइट फुटेड प्रहार लिए । जुन प्रहार पहिलो बारमा ठोक्किएर फर्कियो । लगत्तैको मिनेटमा धर्वेन्द्रको शक्तिशाली प्रहारमा क्रसबार पुनः एकपटक बाधक बन्यो ।

खेलको ७५औं मिनेटमा श्रीलंकाले पहिलो खतरा बुन्यो । मोहम्मद खथिमको लामो दूरीको पासलाई कप्तान हुसेन अब्दुल्लाहले सदुपयोग गर्न सकेनन् । हुसेनले फ्रि-हेडरको अवसर पाएका थिए । तर, उनको हेडर फितलो रहँदा त्यसलाई बचाउन नेपाली गोलकिपर पेम्बा नोर्बु भोटेलाई गाह्रो भएन ।

इन्जुरी समयमा फरवार्ड विज्ञान खड्का गोलको निकै करिब रहे । तर, राइट साइडबाट 'सोलो रन' बनाएका विज्ञानले अन्तिममा 'हेभी टच' लिन पुगे । त्यसपछि गोलकिपर नाडाल सेनापालाले बललाई नियन्त्रणमा राख्न सफल भए । लगत्तै मिडफिल्डर गणेश पुलामी मगरको प्रहारलाई सेनापालाले सुन्दर बचाउ गरिदिए ।

दिनको दोस्रो खेलमा माल्दिभ्सले भुटानसँग खेल्दैछ । यो खेल बराबरी भएको खण्डमा नेपालले सेमिफाइनलमा स्थान पक्का गर्नेछ ।

अब नेपालले आफ्नो अन्तिम खेलमा शुक्रबार माल्दिभ्ससँग खेल्नेछ । सोही दिन श्रीलंकाको भेट भुटानसँग हुनेछ ।

# 'हामी तीन भाइ'को अग्रिम टिकट बुकिङ खुला

■ प्रभाव संवाददाता

**काठमाडौं**– शुक्रबारबाट प्रदर्शनमा आउने फिल्म 'हामी तीन भाइ'को नेपालभरका हलले अग्रिम टिकट बुकिङ खुलाएको छ । प्रदर्शन मिति नजिकिँदै गर्दा हलहरूले अग्रिम बुकिङ खुलाएका हुन् । फिल्मले कति शो पाउँछ भन्ने भोली मात्र भन्न सकिने फिल्मका निर्देशक मधुसूदन भट्टराईले बताए ।

चलचित्र केन्द्रीय जाँचपास समिति (सेन्सर बोर्ड)बाट युनिभर्सल सर्टिफिकेट पाएको फिल्ममा विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल विष्ट, आश्मा गिरी, जाहन्वी बस्नेत,फलित राई, राजाराम पौडेल, रवीन्द्र झा, विष्णु सापकोटा (हर्के हल्दार(, विकास चापागाइँ शुष्मा निरौला, यादव देवकोटा (सरापे),अन्जु हमाल,तारा शर्मा,पवन केसी, रमा विष्ट, विरेन श्रेष्ठ, शुष्मा जिम्बा, खिन्न बहादुर भण्डारी (भोले),गोविन्द प्रसाद पौडेल, भूमिका गिरी,टेकराज पौडेल, अमृतमान महर्जन लगायतको अभिनय छ ।

प्रसिद्धि सिने आर्ट्स प्रालिको ब्यानरमा निर्माण भएको यस फिल्मलाई त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठले निर्माण गरेका हुन् । तीन दाजुभाइबिचको सम्बन्ध,उनीहरूबिचको मनमुटावका साथै फिल्ममा रोचक ढंगले प्रस्तुत गरिएको दर्शकले पाउने छन् । कमेडी तथा सामाजिक कथामा आधारित विक्रम तामाङ कार्यकारी निर्माता रहेको यस फिल्ममा सह-निर्माता भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल, दुर्गालक्ष्मी पाण्डे विशेष सहयोगी शम्भु कुमार केसी रहेका छन् ।

साजित महत प्रस्तुतकर्ता रहेको यस फिल्मको पटकथा तथा सम्वाद पछिल्लो समयका व्यस्त लेखक शिवं अधिकारीले लेखेका हुन् । शिव ढकालको छायांकन, बनिश शाहको सम्पादन रहेको यस फिल्मका गीतमा संगीतमा साप शक्ति,बाबुल गिरीले दिएका छन् । नृत्य निर्देशन कमल राई, इन्द्र देव महर्जनले गरेका छन् ।

## राखेपद्वारा एन्फा निलम्वन

**काठमाडौं (प्रस)**– राष्ट्रिय खेलकुद परिषद्ले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई निलम्वन गरेको छ । परिषद्को निर्णयअनुसार एन्फाको कार्यकारी समितिलाई तीन महिनाका लागि निलम्वन गरिएको गरिएको परिषद्द्वारा बुधबार जारी गरेको पत्रमा उल्लेख गरेको छ । राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ तथा राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ अनुसार एन्फाले आवश्यक प्रक्रिया नअपनाएको, निर्णयहरू कार्यान्वयन नगरेको तथा कानुनी व्यवस्था पालना नगरेको कारण निलम्वन गरेको राखेपको पत्रमा उल्लेख गरेको छ ।

विशेषगरी एन्फाले निर्वाचन प्रक्रिया अगाडि बढाउँदा परिषद्को स्वीकृति नलिएको र कानुनअनुसार काम नगरेको भन्दै यो कदम चालिएको परिषद्ले जनाएको छ ।यसअघि परिषद्ले पटकपटक निर्देशन दिए पनि कार्यान्वयन नभएको, साथै महासंघको विधान र राष्ट्रिय कानुनबीच समन्वय नगरेको भन्दै अन्ततःनिलम्वनको निर्णय गरिएको राखेपद्वारा जारी पत्रमा जनाएको छ ।

## कर्णालीको पहिलो जित

**काठमाडौं (प्रस)**– दिनेश अधिकारीको घातक बलिङसँगै कर्णाली प्रदेशले प्रधानमन्त्री कपमा पहिलो जित निकालेको छ । बुधबार सम्पन्न खेलमा कर्णालीले कोशी प्रदेशलाई १६ रनले पराजित गरेको होर कर्णालीले दिएको १५२ रनको लक्ष्य पछ्याएको कोशीले ४४.५ ओभरमा सबै विकेट गुमाउँदै १३५ रन मात्र बनाउन सक्यो । जितसँगै कर्णालीले ३ खेलबाट ३ अंक पुऱ्याएको छ । कर्णाली तेस्रो स्थानमा छ । कोशीको भने यो लगातार दोस्रो हार हो । कोशी एक अंकसहित आठौं स्थानमा छ ।

## कर्जा तिर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति २०८२/१२/१२**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले व्यवसायिक प्रयोजनका लागि लग्नु भएको कर्जाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गर्दा समेत कुनै चासो नदेखाई व्यवस्था गर्नु भएकोले कर्जा चुक्ता गर्न आउनु भनी यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको ३५ दिन भित्रमा यस सहकारी सस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नु होला अन्यथा ३६औं दिनमा तपसिलमा उल्लेखित जग्गा लिलाम बिक्री गरिनेछ ।

**तपशिलः**

| सि. नं. | ऋणीको विवरण | जिल्ला | गा.वि.स /न.पा. | वडा नं. | नक्सा/ सिट न. | कित्ता नं. | क्षेत्रफल | जमानीकर्ता विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १. | **ऋणी : मदन बाबु दवाडी**<br>बाजे : पर्मानन्द दवाडी<br>बुवा : शीवजी दवाडी  | काठमाडौ | का.म.न.पा. | २९ | १०२१०२५०६ | ६१९/<br>६२१/<br>२९१ | ६७.५४ व.मी/<br>१९.८५ व.मी/<br>१५.९० व.मी. | **जमानी : सिता देवी अधिकारी**<br>बाजे : लक्ष्मी कान्त अधिकारी<br>बुवा : खड्नन्द अधिकारी  |

**को–म्हेन्दो बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

का.म.न.पा. १०, काठमाण्डौ, फोन नं.०१–५९०९२९०

**कोशी प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**पूर्वाधार विकास निर्देशनालय**

## पूर्वाधार विकास कार्यालय, झापा

**भद्रपुर, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/१२/१२**

यस कार्यालयबाट मिति २०८२/१०/०९ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित (Single Stage Double Envelope) बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार निर्धारित समय भित्र विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत दाखिला हुन आएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा सफल भएका देहाय बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८२/१२/१९ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम | प्राबिधिक प्रस्तावमा सफल भएका बोलपत्रदाता |
|---|---|---|
| IDO-JHP/W/ NCB/MY-153/082-83 | Construction of Library Building of Damak Multiple Campus, Damak, Jhapa | • Anubhav Nirman Sewa, Damak 7, Jhapa<br>• Ishwori/BAS JV, Kathmandu<br>• Sherpa-Mai Bhagwati JV, Birtamod 5, Jhapa<br>• LBC- KPPC JV, Kankai Municipality-6, Jhapa |

**कार्यालय प्रमुख**


**मलेसियामा रोजगार** कम्पनी : XIN TONG SENG SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/११ LT. No. 340200 चलानी नं.६०२५३६२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vegetable/fruit/paddy Field Worker | 50 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १९ गते (2nd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं १८२६/०८२/८३

NEW CENTURY INTERNATIONAL RECRUITMENT PVT.LTD.

KMC-09, Sinamangal, Kathmandu, Nepal, Tel +977-1-5928185, Mob : 9712036985

E-Mail : newcenturyirsp@gmail.com, Website : www.newcentury.com.np

**साउदीमा रोजगार** कम्पनी : ABDUL AZIZ SULAIMAN AL AFALIQ FARM

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/११ LT. No. 330245 चलानी नं.६०२४४००४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३९,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १९ गते (2nd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 646/063/064

Career International Services [P.] Ltd.

धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

**युएइमा रोजगार** कम्पनी : MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/११ LT. No. 319661 चलानी नं. ६०२३३८०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 109 | 0 | 800 | ३९,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १९ गते (2nd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP

Raj Group Of Company Pvt.Ltd.

Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

**मलेसियामा रोजगार** कम्पनी : THONG EMPIRE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/११ LT. No. 340109 चलानी नं. ६०२५३६४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 100 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १९ गते (2nd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.

Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102

E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com

Govt. License No. 871/066/67

**मलेसियामा रोजगार** कम्पनी : ASIATIC PLASTIC PACKAGING INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/११ LT. No. 340218 चलानी नं. ६०२५३६३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory - Production Operator | 16 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ASIATIC PLASTIC PACKAGING INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/११ LT. No. 340217 चलानी नं. ६०२५३६३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory - Production Operator | 9 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SIN HUP KEE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/१२/११ LT. No. 340216 चलानी नं. ६०२५३६३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Crew | 3 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SIN HUP KEE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/१२/११ LT. No. 340215 चलानी नं. ६०२५३६३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SUPREME RANGE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/११ LT. No. 340214 चलानी नं. ६०२५३६३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Retail Wholesale Shop Worker | 10 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १९ गते (2nd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sansar International Services Pvt. Ltd.

श्रम ईजाजत नं. ८९८/०६७/०६८

Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488



चीनको राजधानी बेइजिङमा रहेको ग्रेट वालको जुयोङगुआन खण्ड नजिकै फुलेका फूलहरूबीच गुडिरहेको एउटा रेल। *तस्बिरः सिन्ह्वा*

# युद्धविरामका लागि इरानलाई अमेरिकाको १५ बुँदे प्रस्ताव

**दुबई–** अमेरिका सरकारले इरानसँग जारी द्वन्द्व अन्त्य गर्ने उद्देश्यले १५ बुँदे युद्धविराम प्रस्ताव अघि सारेको छ । यो प्रस्ताव पाकिस्तानमार्फत इरानसम्म पुऱ्याइएको बताइएको छ, जसले अमेरिका र इरानबीच वार्ता पुनः सुरु गराउन मध्यस्थताको भूमिका खेल्ने संकेत दिएको छ ।

यसैबीच, अमेरिका मध्यपूर्व क्षेत्रमा आफ्नो सैन्य उपस्थिति थप सुदृढ बनाउने तयारीमा देखिएको छ । करिब ५० हजार सैनिक पहिले नै क्षेत्रमा तैनाथ रहेका बेला थप करिब एक हजार सैनिक पठाउने तयारी गरिएको छ । साथै, समुद्री सैनिकहरूको ठूलो संख्या पनि परिचालन गरिँदै छ । यसलाई भविष्यमा आवश्यक निर्णय लिन लचिलोपन कायम राख्ने रणनीतिका रूपमा हेरिएको छ ।

यद्यपि, कूटनीतिक प्रयास तीव्र बने पनि परिस्थिति जटिल नै रहेको छ । इरानले अमेरिकासँग कुनै औपचारिक वार्ता भइरहेको दाबी अस्वीकार गरेको छ । अर्कोतर्फ, अमेरिकाले भने वार्ता भइरहेको संकेत दिएको छ, जसले दुवै पक्षबीच अविश्वास अझै गहिरो रहेको देखाउँछ ।

मध्यपूर्वको महत्त्वपूर्ण जलमार्ग हर्मुज जलडमरूमध्य पनि तनावको केन्द्र बनेको छ। इरानले यस मार्गमा नियन्त्रण कडा बनाएपछि अन्तर्राष्ट्रिय व्यापार प्रभावित भएको छ भने इन्धनको मूल्य पनि तीव्ररूपमा बढेको छ। यसले विश्व अर्थतन्त्रमासमेत असर पार्ने चिन्ता बढाएको छ।

युद्धको क्रममा दुवै पक्षबाट आक्रमण जारी रहेका छन् । इरानले इजरायलतर्फ मिसाइल र ड्रोन आक्रमण गरिरहेको छ भने इजरायलले इरान र लेबनानका विभिन्न स्थानमा हवाई आक्रमण गरेको छ । यी आक्रमणहरूमा सर्वसाधारणको ज्यान जाने र घाइते हुने घटनाहरू पनि भएका छन् । लेबनानमा पनि तनाव बढेको छ । इजरायलले त्यहाँ इरान समर्थित समूहहरूलाई लक्षित गर्दै आक्रमण गरेको जनाएको छ । यसबीच लेबनान सरकारले इरानी राजदूतलाई देश छोड्न निर्देशन दिएको छ, जसले क्षेत्रीय तनावलाई अझ जटिल बनाएको छ ।

पाकिस्तानले भने अमेरिका र इरानबीच वार्ता गराउन आफू तयार रहेको जनाएको छ। यदि वार्ता सफल भयो भने निकट भविष्यमा युद्धविराम सम्भव हुन सक्ने आशा गरिएको छ। तर, दुवै पक्षका कडा अडान र आपसी अविश्वासका कारण तत्काल समाधान भने चुनौतीपूर्ण देखिएको छ।

समग्रमा, एकातर्फ कूटनीतिक पहल अघि बढिरहेको छ भने अर्कोतर्फ सैन्य गतिविधि पनि बढिरहेको छ, जसले मध्यपूर्वको अवस्था अझ संवेदनशील र अनिश्चित बनाएको छ ।

## अमेरिकी प्रस्ताव इरानसम्म पुगेको दाबी

मध्यपूर्वमा जारी युद्धबीच कूटनीतिक प्रयासले गति लिएको संकेत दिँदै इरानले अमेरिकाबाट १५ बुँदे युद्धविराम प्रस्ताव प्राप्त गरेको दाबी पाकिस्तानी अधिकारीहरूले गरेका छन् । यद्यपि तेहरानले औपचारिकरूपमा यस्तो वार्तामा संलग्न नरहेको अडान दोहोऱ्याउँदै आएको छ ।

बुधबार दुई पाकिस्तानी अधिकारीले नाम सार्वजनिक नगर्ने सर्तमा जानकारी दिँदै उक्त प्रस्ताव इरानसम्म पुगेको बताएका हुन् । उनीहरूका अनुसार प्रस्तावमा युद्ध अन्त्यतर्फ उन्मुख विभिन्न महत्त्वपूर्ण पक्षहरू समेटिएका छन्, जसले क्षेत्रीय तनाव कम गर्ने उद्देश्य राखेको देखिन्छ ।

प्रस्तावका मुख्य बुँदाहरूमा इरानमाथि लगाइएका प्रतिबन्धहरू क्रमशः हटाउने, नागरिक प्रयोजनका लागि आणविक ऊर्जा क्षेत्रमा सहयोग गर्ने तथा इरानको विवादास्पद आणविक कार्यक्रमलाई सीमित वा फिर्ता गर्ने विषय समावेश गरिएको बताइएको छ । साथै, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीमार्फत अनुगमन गर्ने व्यवस्था, मिसाइल क्षमतामा सीमा निर्धारण गर्ने तथा पर्सियन खाडीको संवेदनशील जलमार्ग स्ट्रेट अफ होर्मुज हुँदै सुरक्षित ढुवानी सुनिश्चित गर्ने विषय पनि प्रस्तावमा समेटिएको जनाइएको छ ।

अधिकारीहरूले विस्तृत विवरण सार्वजनिक गर्न आफूहरू अधिकृत नभएको बताउँदै प्रस्तावको समग्र स्वरूप भने व्यापक कूटनीतिक प्याकेजका रूपमा रहेको संकेत गरेका छन् । यद्यपि, इरानले अमेरिकासँग प्रत्यक्ष वार्तामा संलग्न नभएको स्पष्ट पार्दै आएको छ । बुधबार एक सैन्य प्रवक्ताले अमेरिकी कूटनीतिक प्रयासप्रति व्यंग्यात्मक प्रतिक्रिया जनाउँदै तेहरान आफ्नो अडानमा दृढ रहेको संकेत गरेका छन् । यस घटनाक्रमले एकातर्फ शान्ति प्रयास अघि बढिरहेको संकेत गरे पनि अर्कोतर्फ दुवै पक्षबीचको अविश्वास अझै कायम रहेको देखाउँछ, जसका कारण प्रस्तावको भविष्य अनिश्चित नै देखिएको छ । *रासस/एपी*



## सम्भावित वार्ताः जटिलता, चुनौती र भविष्य

**दुबई–** इरान, अमेरिका र इजरायलबीच जारी युद्धको बीचमा कूटनीतिक पहलहरू तीव्र हुँदै गए पनि समग्र अवस्था अझै अन्योलपूर्ण र तनावग्रस्त बनेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग वार्ता भइरहेको र सकारात्मक प्रगति भएको दाबी गरेपछि अन्तर्राष्ट्रियस्तरमा आशा जागेको छ। तर, इरानले औपचारिक वार्ता भइरहेको स्वीकार नगरेपछि वास्तविक अवस्था के हो भन्नेबारे स्पष्टता आउन सकेको छैन।

### १५-बुँदे प्रस्ताव र मध्यस्थ प्रयास

अमेरिका सरकारले इरानलाई १५ बुँदे प्रस्ताव पठाएको जानकारी सार्वजनिक भएको छ। उक्त प्रस्ताव पाकिस्तानमार्फत इरानसम्म पुऱ्याइएको बताइएको छ, जसले सम्भावित वार्ताको वातावरण तयार गर्न भूमिका खेलिरहेको छ। पाकिस्तानसँगै इजिप्ट र खाडी क्षेत्रका अन्य देशहरू पनि पर्दा पछाडि कूटनीतिक पहलमा संलग्न छन्। मुख्य उद्देश्य युद्धविराम कायम गर्नु र दीर्घकालीन समाधानको बाटो खोल्नु हो।

### युद्ध अझै जटिल बन्दै

यस्तो प्रयासका बाबजुद युद्धको अवस्था झन् जटिल बन्दै गएको छ। इरानले 'पूर्ण विजय नआउञ्जेल लड्ने' अडान लिएको छ भने इजरायलले पनि आक्रमण जारी राख्ने संकेत दिएको छ। अमेरिकालेसमेत मध्यपूर्वमा थप सैनिक पठाउने तयारी गरिरहेको छ, जसले कूटनीतिक पहलसँगै सैन्य दबाब बढाइरहेको देखिन्छ।

### सम्भावित वार्ताका संवेदनशील मुद्दा

संभावित वार्ताका मुख्य विषयहरू अत्यन्त संवेदनशील छन्। अमेरिकाले इरानको आणविक कार्यक्रम नियन्त्रणमा ल्याउने, क्षेप्यास्त्र क्षमता घटाउने र क्षेत्रीय समूहहरूलाई दिँदै आएको समर्थन रोक्नुपर्ने माग राखेको छ। तर, इरानले यी विषयहरूलाई आफ्नो राष्ट्रिय अधिकारसँग जोड्दै आएकोले सहमति जुटाउन निकै कठिन देखिएको छ।

### हर्मुज जलडमरूमध्यको महत्त्व

युद्धको अर्को महत्त्वपूर्ण पक्ष हर्मुज जलडमरूमध्य हो, जुन विश्वको प्रमुख तेल आपूर्ति मार्ग मानिन्छ। इरानले यस क्षेत्रमा नियन्त्रण कडा बनाउँदा अन्तर्राष्ट्रिय व्यापारमा अवरोध आएको छ र तेलको मूल्यमा तीव्र उतारचढाव देखिएको छ। यसले विश्व अर्थतन्त्रमासमेत दबाब सिर्जना गरेको छ।

### जारी आक्रमण र मानवीय प्रभाव

दुवै पक्षबाट आक्रमण जारी नै रहेका छन्। इरानले इजरायल तथा खाडी क्षेत्रका केही स्थानहरूमा मिसाइल र ड्रोन आक्रमण गरिरहेको छ भने इजरायलले इरान र लेबनानमा हवाई आक्रमण गरिरहेको छ। यी घटनाहरूले सर्वसाधारणको ज्यान जाने र पूर्वाधारमा ठूलो क्षति हुने क्रम बढाएको छ।

### रणनीतिक विश्लेषण

विशेषज्ञहरूका अनुसार हालको अवस्था 'दोहोरिएको रणनीति' जस्तो देखिन्छ, जहाँ एकातर्फ वार्ताको प्रयास भइरहेको छ भने अर्कोतर्फ युद्धलाई निरन्तरता दिइएको छ। यस्तो परिस्थितिमा कुनै पनि सानो घटना वा निर्णयले द्वन्द्वलाई अझ ठूलो स्वरूप दिन सक्ने जोखिम रहेको छ।

### शान्ति वा दीर्घकालीन द्वन्द्व ?

इरान-अमेरिका युद्ध अहिले निर्णायक मोडमा पुगेको छ। कूटनीतिक प्रयास सफल भए शान्तिको बाटो खुल्न सक्छ, तर असफल भए यो द्वन्द्व अझ व्यापक र दीर्घकालीन बन्न सक्ने सम्भावना उच्च रहेको छ। *रासस/एपी*

# तेल भण्डार थप खोल्न जापानको आग्रह



**टोकियो–** मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व ऊर्जा सुरक्षामा बढ्दो दबाब देखिँदै जाँदा जापानले अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए) लाई आवश्यक परे थप तेल भण्डार बजारमा ल्याउन तयार रहन आग्रह गरेको छ । यसले सम्भावित आपूर्ति संकटलाई समयमै नियन्त्रण गर्ने प्रयासका रूपमा हेरिएको छ ।

टोकियोमा बोल्दै आइइएका प्रमुख फातेह बिरोलले पनि परिस्थितिअनुसार थप भण्डार सार्वजनिक गर्न एजेन्सी तयार रहेको संकेत गरे। उनले हालसम्म उपलब्ध भण्डारको ठूलो हिस्सा अझै सुरक्षित रहेको उल्लेख गर्दै आवश्यक परे थप कदम चाल्न सकिने बताए । 'हाम्रो कूल भण्डारको करिब ८० प्रतिशत अझै सुरक्षित छ, अहिलेसम्म जारी गरिएको ४० करोड ब्यारेल त केवल २० प्रतिशतमात्र हो,' उनले स्पष्ट पारे, 'आवश्यकता परे हामी अघि बढ्न तयार छौं, तर यस्तो अवस्था नआओस् भन्ने अपेक्षा पनि छ ।'

यसअघि जापानी प्रधानमन्त्री साने ताकाइचीले मध्यपूर्वको अस्थिर अवस्थालाई ध्यानमा राख्दै आइइएलाई थप 'समन्वित रिलिज' कार्यान्वयन गर्न तयार रहन आग्रह गरेकी थिइन्। ऊर्जा आपूर्ति अवरुद्ध हुने जोखिम बढिरहेका बेला यस्तो कदमलाई सावधानीपूर्ण रणनीतिका रूपमा लिइएको छ ।

आइइएले यसै महिनाको सुरुआतमा आफ्ना सदस्य राष्ट्रहरूसँग मिलेर करिब ४० करोड ब्यारेल तेल भण्डार बजारमा ल्याउने निर्णय गरेको थियो, जुन अहिलेसम्मकै सबैभन्दा ठूलो समन्वित रिलिज मानिएको छ । यसले मध्यपूर्वमा जारी द्वन्द्वका कारण उत्पन्न आपूर्ति दबाब कम गर्ने उद्देश्य राखेको थियो ।

बिरोलले विश्वले गम्भीर ऊर्जा सुरक्षा चुनौती सामना गरिरहेको उल्लेख गर्दै आइइए आफ्नो भूमिकामा सक्रिय रहने बताए । उनका अनुसार अन्तर ष्ट्रिय ऊर्जा बजारमा स्थिरता कायम राख्न एजेन्सीले आवश्यक समन्वय गर्न तयार छ ।

जापानका लागि ऊर्जा सुरक्षाको विषय अझ संवेदनशील छ, किनकि यो मुलुक आफ्नो करिब ९५ प्रतिशत तेल आयातका लागि मध्यपूर्वमा निर्भर छ । यस कारण टोकियोले आन्तरिकरूपमा पनि आपत्कालीन तयारी तीव्र बनाएको छ ।

सरकारले गत साता निजी क्षेत्रको १५ दिन बराबरको पेट्रोलियम भण्डार बजारमा ल्याउन सुरु गरेको छ भने बिहीबारदेखि सरकारी भण्डारसमेत प्रयोगमा ल्याउने तयारी गरिएको छ। यसका साथै महिनाको अन्त्यसम्ममा जापानमा उत्पादक राष्ट्रहरूले राखेका संयुक्त भण्डारबाट पनि तेल निकाल्ने योजना रहेको प्रधानमन्त्री ताकाइचीले जानकारी दिइन् ।

जापान पेट्रोलियम एसोसिएसनका अनुसार साउदी अरब, संयुक्त अरब इमिरेट्स र कुवेतले जापानमा संयुक्त भण्डार राखेका छन् । सामान्य अवस्थामा यी भण्डारहरू व्यावसायिकरूपमा प्रयोग गरिने भए पनि आपत्कालीन परिस्थितिमा जापानी कम्पनीहरूले प्राथमिकताका आधारमा खरिद गर्न पाउने व्यवस्था रहेको छ । *रासस/एएफपी*

# दूतावास प्रवेश प्रकरणले जापान-चीन तनाव थप चर्कियो

**टोकियो–** टोकियोस्थित चिनियाँ दूतावासमा जापानी आत्मरक्षा बलका एक सदस्य अवैध रूपमा प्रवेश गरेको घटनाले जापान र चीनबीचको सम्बन्धमा थप तनाव उत्पन्न गरेको छ । जापानले उक्त घटनालाई 'खेदजनक' भन्दै अनुसन्धान सुरु गरेको जानकारी दिएको छ भने बेइजिङले कडा विरोध जनाएको छ ।

जापान सरकारका शीर्ष प्रवक्ता मिनोरु किहाराले पत्रकार सम्मेलनमा भने, 'कानुनको पालना गर्नुपर्ने जिम्मेवारी बोकेको आत्मरक्षा बलकै एक सदस्य दूतावास परिसरमा प्रवेश गरेको आरोपमा पक्राउ पर्नु अत्यन्तै दुर्भाग्यपूर्ण घटना हो ।'

उनका अनुसार घटनाको वास्तविकता पत्ता लगाउन प्रहरीले अनुसन्धान अघि बढाइसकेको छ र दूतावासको सुरक्षालाई थप सुदृढ बनाउने कदमहरू पनि चालिएको छ । यस्ता घटना दोहोरिन नदिन आवश्यक सबै उपाय अपनाइने उनले स्पष्ट पारे ।

प्रहरीका अनुसार २३ वर्षीय कोडाई मुराता नामक संदिग्धलाई मंगलबार बिहान करिब ९:०० बजे दूतावास परिसरमा प्रवेश गरेपछि अतिक्रमणको आशंकामा पक्राउ गरिएको हो । अनुसन्धानका क्रममा उनले दूतावासका राजदूतलाई भेटेर कट्टर टिप्पणी नगर्न आग्रह गर्ने योजना बनाएको बताएका छन् । यदि उक्त आग्रह अस्वीकृत भए आत्महत्या गरेर ध्यानाकर्षण गराउने सोच बनाएको पनि उनले बयान दिएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

जापानको राष्ट्रिय प्रसारण संस्था एनएचकेका अनुसार घटनास्थलबाट एक छुरी पनि बरामद गरिएको थियो, जसले सुरक्षा चासोलाई थप गम्भीर बनाएको छ । यस घटनाप्रति प्रतिक्रिया जनाउँदै चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले बेइजिङ 'गहिरो स्तब्ध' भएको बताए । उनले जापानसमक्ष औपचारिक रूपमा कडा विरोध दर्ता गरिएको र यस्ता घटनालाई गम्भीरतापूर्वक लिन आग्रह गरिएको जानकारी दिए ।

उक्त घटनाले पहिले नै संवेदनशील अवस्थामा रहेको दुई देशबीचको सम्बन्धलाई थप जटिल बनाएको छ । गत नोभेम्बरमा जापानकी प्रधानमन्त्री साने ताकाइचीले ताइवानसम्बन्धी विकसित हुन सक्ने परिस्थितिमा जापानले पनि केही भूमिका खेल्न सक्ने संकेत गरेकी छन् । त्यसपछि टोकियो र बेइजिङबीचको कूटनीतिक सम्बन्धमा केही चिसोपना देखिएको छ । उता, चीनले ताइवानलाई आफ्नो अभिन्न भूभागका रूपमा हेर्दै आएको छ र आवश्यक परे विभिन्न विकल्पहरू खुला राखेको बताउँदै आएको छ, जसका कारण क्षेत्रीय सुरक्षाबारे चासो भने निरन्तर व्यक्त हुँदै आएको छ । *रासस/एएफपी*

# 'दोस्रो विश्वयुद्धपछि सबैभन्दा हिंसात्मक चरणमा विश्व'

**जेनेभा–** विश्व अहिले दोस्रो विश्वयुद्धपछिकै सबैभन्दा हिंसात्मक चरणबाट गुज्रिरहेको संयुक्त राष्ट्रसंघका एक उच्च अधिकारीले बताएका छन् । विशेषगरी मध्यपूर्व क्षेत्रमा चर्किएको द्वन्द्वका कारण सर्वसाधारण नागरिकको जीवनमा गम्भीर असर परेको छ र यसको प्रभाव विश्वभर फैलिएको उनको भनाइ छ ।

संयुक्त राष्ट्रसंघको परियोजना सेवा कार्यालयका कार्यकारी निर्देशक जोर्ज मोरेइरा दा सिल्भाका अनुसार हिंसा र अस्थिरताका कारण ठूलो संख्यामा मानिसहरू आफ्ना घरबार छोड्न बाध्य भइरहेका छन्, र यो संख्या प्रत्येक घण्टा बढ्दो क्रममा छ ।

उनले मध्यपूर्वको द्वन्द्वले सीमाना नाघ्दै विश्व अर्थतन्त्रलाई समेत असर पारेको उल्लेख गरे । तेल, इन्धन र ग्यासको मूल्यमा तीव्र वृद्धि भई यसको असर विश्वव्यापीरूपमा देखिएको छ । विशेषगरी एसिया र अफ्रिकाका विकासोन्मुख देशहरू यसबाट सबैभन्दा बढी प्रभावित हुने अनुमान गरिएको छ । यस वर्ष विश्वभर भोकमरीको समस्या झन् गम्भीर बन्ने र प्रभावित हुने मानिसहरूको संख्या करोडौंले बढ्न सक्ने चेतावनी दिइएको छ ।

संयुक्त राष्ट्रसंघले सबै पक्षलाई सुरक्षा परिषद्का निर्णयहरू कार्यान्वयन गर्न र कूटनीतिक तथा शान्तिपूर्ण उपायमार्फत द्वन्द्व अन्त्य गर्न आग्रह गरेको छ । उक्त कार्यालयले विश्वका १०० भन्दा बढी देशहरूमा परियोजना व्यवस्थापन, खरिद तथा पूर्वाधार विकाससम्बन्धी सेवा प्रदान गर्दै आएको छ । *रासस/सिन्ह्वा*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २८८५०० प्रति तोला – ० प्रति तोला – ४९२०

उद्योग वाणिज्य महासंघ निर्वाचन

## दुई प्यानलबाट आंशिक उम्मेदवारी घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघको ६०औं वार्षिक साधारणसभा तथा निर्वाचनले निजी क्षेत्रभित्रको राजनीतिक तथा संस्थागत सरगर्मी तीव्र बनेको छ । महासंघको कार्यकारिणी समितिको १५ औं बैठकले गरेको निर्णयअनुसार यहि चैत्र २९ गते साधारणसभा र त्यसलगत्तै चैत्र ३० गते निर्वाचन कार्यक्रम तय गरिएको छ । महासंघका अनुसार साधारणसभा ललितपुरको ग्वार्कोस्थित होटल रोयल टुलिपमा आयोजना हुनेछ भने निर्वाचन कार्यक्रम काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न गरिनेछ ।

निजी क्षेत्रको नेतृत्व चयनलाई नीतिगत दिशानिर्देशन र आर्थिक एजेन्डा तय गर्ने महत्वपूर्ण मोडका रूपमा हेरिएको छ । मुलुक आर्थिक सुस्तता, लगानी संकुचन र नीतिगत अनिश्चितताबाट गुज्रिरहेको अवस्थामा महासंघको नयाँ नेतृत्वले कस्तो रणनीति अवलम्बन गर्छ भन्ने प्रश्न अहिले चासोको विषय बनेको छ । विशेषतः सरकारसँगको सम्बन्ध, कर नीतिमा सुधार, उद्योगमैत्री वातावरण निर्माण, विदेशी लगानी आकर्षण तथा आर्थिक पुनरुत्थानका एजेन्डामा महासंघको भूमिका महत्वपूर्ण हुने भएकाले यो निर्वाचनलाई सामान्य संगठनात्मक प्रक्रिया भन्दा बढी रणनीतिक महत्वको रूपमा हेर्ने गरिन्छ । महासंघको विधान २०४९ (सातौं संशोधनसहित) बमोजिम साधारणसभासँगै उपाध्यक्षहरू तथा कार्यकारिणी समितिका सदस्यहरूको निर्वाचन हुने व्यवस्था रहेकाले यसपटकको सभा औपचारिकता मात्र नभई नेतृत्व चयनको महत्त्वपूर्ण मञ्चका रूपमा हेरिएको छ । निजी क्षेत्रको छाता सङ्गठनको नेतृत्व चयन हुने भएकाले यसले आगामी आर्थिक नीति, लगानी वातावरण र सरकारसँगको समन्वयमा समेत दूरगामी प्रभाव पार्ने विश्लेषण गरिएको छ ।

### यस्ता छन् उम्मेदवारहरु

महासंघको प्रस्तावित वरिष्ठ उपाध्यक्षमा हेमराज ढकालले गत फागुन ११ मै उम्मेदवारी घोषणा गरिसकेका छन् । ढकाल अहिलेको कार्यकारिणी समितिमा वस्तुगत तर्फका उपाध्यक्ष छन् । यो समूहबाट एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठको उम्मेदवारी रहनेछ । श्रेष्ठ अहिलेको कार्यकारिणी समितिमा पनि एसोसिएट उपाध्यक्ष हुनुहुन्छ । त्यस्तै, जिल्ला नगर उपाध्यक्षमा कल्पना गैरे र उमेश डालमिया, वस्तुगत उपाध्यक्षमा नरेशलाल श्रेष्ठ र प्रस्तावित महिला उपाध्यक्षमा कमला श्रेष्ठ छन् । यो समूहको चैत १३ गते वस्तुगत तर्फका सदस्यको उम्मेदवारी घोषणा गरिने जनाएको छ ।

महासंघका हालका वरिष्ठ उपाध्यक्ष तथा आगामी कार्यकालका अध्यक्ष अञ्जन श्रेष्ठ समूहले गत सोमबार एक कार्यक्रमबीच आफ्नो समूह घोषणा गरेको छ । यो समूहले वस्तुगत उपाध्यक्षतर्फ शिवप्रसाद घिमिरे, एशोसिएट उपाध्यक्षमा प्रवल जंग पाण्डे र जिल्ला/नगरतर्फको उपाध्यक्षमा दिलसुन्दर श्रेष्ठ र कृष्णप्रसाद शर्माले उम्मेदवारी घोषणा गरेका छन् । वस्तुगत उपाध्यक्षतर्फका आकांक्षी शिवप्रसाद घिमिरेले महासंघको कार्यकारिणी सदस्य, स्थल यातायात तथा पारवहन समिति सभापति तथा नेपाल कत्था उद्योग उत्पादक संघको अध्यक्ष छन् । उनी नेपाल एलपी ग्यास उद्योग संघको निवर्तमान अध्यक्षसमेत हुन् ।

यो समूहबाट वस्तुगततर्फका सदस्यमा अरनिको राजभण्डारी (नेपाल आईसक्रिम उद्योग व्यवसाय संघ), रविन पुरी (नेपाल दाना उद्योग संघ), राजकुमार कार्की (नेपाल कुचो संघ), बसन्त चन्द्र मरहट्टा (नेपाल बिउ व्यवसायी संघ), रघुनन्दन मारु (नेपाल सिमेन्ट उद्योग संघ), सुनीता न्हेम्हाफुकी (नेपाल कृषि मेसिनरी व्यवसायी संघ), होम प्रसाद घिमिरे (नेपाल प्लाईउड उत्पादक संघ), धनप्रसाद लामिछाने (नेपाल पस्मिना उद्योग संघ) लगायतको उम्मेदवारी घोषणा भएको छ । त्यस्तै, धर्मराज सापकोटा (नेपाल धितोपत्र दलाल संघ), संघर्ष विष्ट (रेस्टुरेन्ट एन्ड बार एसोसिएसन नेपाल), राजेशभक्त श्रेष्ठ (फ्लोरिकल्चर एसोसिएसन नेपाल), नानिराज घिमिरे (जुत्ता उत्पादक संघ नेपाल) एब बहादुर थापा (नेपाल वायोग्यास प्रवर्द्धन संघ), विश्वनाथ खनाल (ढुवानी व्यवसायी महासंघ नेपाल), कृष्णप्रसाद अवाले (नेपाल इटा उद्योग महासंघ), नेपाल बोटल वाटर इन्डस्ट्रिज एशोसिएसन ध्रुवबहादुर गौतम पनि यो समूहमा छन् ।

त्यस्तै, एशोसिएट उपाध्यक्षमा प्रवलजङ्ग पाण्डेसहित सदस्यमा अम्बिकाप्रसाद पौडेल, अभया मल्ल, ईश्वर जिसी, हेमन्त गोल्छा, बाबुकाजी कार्की, जुना माथेमा, मनोज पौडेल, कृष्णलाल महर्जन, निकोलस पाण्डे, राजेशकुमार अग्रवाल, ऋषि अग्रवाल, शक्तिकुमार बेगानी, उज्ज्वल श्रेष्ठ, सुयोस प्याकुरेल, सुशील थापा, प्रियाराज रेग्मीलगायतको उम्मेदवारी रहने बताइएको छ । वस्तुगत उपाध्यक्षतर्फ उम्मेदवारी घोषणा गरेका शिवप्रसाद घिमिरेले महासंघ नेतृत्व केवल पद वा प्रतिष्ठाको विषय नभई निजी क्षेत्रका समस्या सुल्झाउने र मुलुकको समग्र आर्थिक तथा व्यवसायिक अवस्था सुधारका लागि पहल गर्ने ठाउँका रूपमा लिइनुपर्ने बताए ।

### महासंघ कार्यकारिणी समिति

महासंघमा जिल्ला तथा नगर उद्योग वाणिज्य संघ, वस्तुगत सदस्यका रूपमा वस्तुगत संघ तथा वस्तुगत महासंघ, एशोसिएट सदस्यका रूपमा औद्योगिक तथा व्यावसायिक प्रतिष्ठान र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ, संस्थापक सदस्य, वैदेशिक सदस्य र मानार्थ सदस्य रहने व्यवस्था छ । 'नेपाल उद्योग वाणिज्य महासंघको विधान २०४९ (सातौं संशोधन)' अनुसार महासंघको विधानमा उल्लेखित सबै काम गर्ने गराउने अधिकार कार्यकारिणी समितिले पाएको छ । विधानमा उल्लेखित कार्यकारिणी समिति चयन सम्बन्धी व्यवस्था अनुसार समितिमा महासंघ अध्यक्ष, महासंघ निवर्तमान अध्यक्ष, वरिष्ठ उपाध्यक्षलगायत रहने व्यवस्था छ । त्यस्तै महासंघका उपाध्यक्षहरूमा जिल्ला नगर तर्फबाट दुई जना, वस्तुगत तर्फबाट एक जना, एसोसिएट द्विराष्ट्रिय तर्फबाट एक जना र महिला उपाध्यक्ष एक जना रहन्छन् भने एक जना कोषाध्यक्ष रहने व्यवस्था छ ।

महासंघका सदस्यहरूमा प्रदेश अध्यक्षहरू सात जना, उद्योग वाणिज्य संघहरूको खुला तर्फबाट कम्तीमा दुई जना महिलासहित १७ जना, उद्योग वाणिज्य संघ सदस्य मध्येबाट प्रत्येक प्रदेशबाट निर्वाचित दुई जनाका दरले १४ जना, वस्तुगत तर्फबाट निर्वाचित हुने कम्तीमा एक जना महिलासहित १४ जना, वस्तुगत महासंघमा १५ भन्दा बढी सदस्य भएमा निर्वाचित हुने दुई जना, द्विराष्ट्रिय संघहरूबाट निर्वाचित एक जना, एसोसिएट सदस्यमध्येबाट कम्तीमा दुई जना महिलासहित १९ जना, महासंघद्वारा प्रवर्धित नेपाल युवा उद्यमी मञ्चको अध्यक्ष (पदेन), संस्थापक सदस्यहरू १२ मध्येबाट दुई जना र अध्यक्षबाट मनोनित कम्तीमा दुई जना महिलासहित सात जना रहने व्यवस्था छ ।

यो विधान लागु हुँदाका बखत कायम वरिष्ठ उपाध्यक्ष आगामी एक कार्यकालको स्वतः अध्यक्ष हुनेछन् भने अर्कोपटकबाट भने महासंघको अध्यक्षको लागि पनि प्रत्यक्ष निर्वाचन हुनेछ ।

### निर्वाचन कार्यतालिका

महासंघद्वारा निर्धारित कार्यक्रमअनुसार चैत्र २९ गते आइतबार बिहान साधारणसभाको उद्घाटन सत्र सम्पन्न हुनेछ । सोही दिन महासंघको विधानअनुसार वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, नीतिगत छलफल तथा अन्य नियमित एजेन्डाहरूमाथि छलफल गरिनेछ । चैत्र ३० गते सोमबार निर्वाचन कार्यक्रम सञ्चालन गरिनेछ । निर्वाचन समितिले निर्धारण गरेको समयतालिका अनुसार उपाध्यक्ष पदसहित कार्यकारिणी समितिका सदस्यहरूको चयन प्रक्रिया अघि बढाइनेछ ।

महासंघका अनुसार निर्वाचनमा भाग लिन इच्छुक संघ-संस्थाहरूले आर्थिक वर्ष २०८२/८३ सम्मको सदस्यता शुल्क, प्रतिनिधि शुल्क तथा उम्मेदवारी शुल्क अनिवार्य रूपमा बुझाइसक्नुपर्नेछ । साथै, मनोनयन पत्र, प्रतिनिधि पत्र तथा सम्बन्धित संघको कार्यकारिणी समितिको निर्णयको प्रमाणित प्रतिलिपि साधारणसभा हुनुभन्दा सात दिनअघि अर्थात् चैत्र २२ गते साँझ ५ बजेभित्र महासंघको सचिवालयमा दर्ता गराइसक्नुपर्ने व्यवस्था गरिएको छ । इमेलमार्फत् पठाइएका कागजातको सक्कलप्रति भने अनिवार्य रूपमा साधारणसभा सुरु हुनुभन्दा तीन दिनअघि अर्थात् चैत्र २६ गते साँझ ५ बजेभित्र सचिवालयमा बुझाइसक्नुपर्नेछ । अन्यथा, त्यस्ता उम्मेदवारहरूको मनोनयन स्वतः खारेज हुने जनाइएको छ ।

साधारणसभामा जिल्ला/नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघको अध्यक्ष स्वयम् मुख्य प्रतिनिधि रहनुपर्ने व्यवस्था गरिएको छ । अध्यक्ष स्वयम् उपस्थित हुन नसक्ने अवस्थामा सम्बन्धित सदस्य संघको कार्यकारिणी समितिले आफूमध्येबाट प्रतिनिधि छानि मुख्य प्रतिनिधिसहितको प्रतिनिधिमण्डलको नाम पठाउनुपर्नेछ । महासंघ सदस्यहरूले चैत्र २७ गतेसम्म वार्षिक सदस्यता शूल्क, प्रतिनिधि शूल्कलगायत सबै शुल्क बुझाइसक्नुपर्नेछ भने उम्मेदवार खडा गर्ने संघ-संस्थाहरूले चैत्र २२ गतेभित्रै सम्पूर्ण शुल्क तिर्नुपर्नेछ । शूल्क तिर्न समयसीमा नाघेमा त्यस्ता उम्मेदवारी स्वतः अमान्य हुने स्पष्ट व्यवस्था गरिएको छ ।

## कर्पोरेट

### ग्लोबल आइएमई बैंकको नयाँ क्यालेन्डर सार्वजनिक



**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडद्वारा पौभा कलाको दिव्य रङ्ग र दर्शन सहितको तस्वीरहरू समावेश नयाँ वर्ष २०८३ सालको क्यालेन्डर सार्वजनिक गरेको छ ।

बैंकको कर्पोरेट कार्यालय कमलादीमा आयोजित एक समारोहमा बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्रा. डा. सन्दुक रुइतले संयुक्तरूपमा उक्त २०८३ सालको क्यालेन्डर सार्वजनिक गरेका हुन् ।

पौभा कला नेवार जातिको मौलिक चित्रकला हो । क्यालेण्डरमा विशेषगरी काठमाडौं उपत्यकामा बस्ने नेवाः समुदायसँग गहिरो सम्बन्ध रही आएको पौभा कलाको दुर्लभ चित्रहरू समावेश गरिएको छ ।

थान्कासँग मिल्दोजुल्दो देखिए पनि पौभाको आफ्नै विशिष्ट पहिचान र दार्शनिक गहिराई रहेको छ । बैंकले विगत केही वर्षदेखि नेपाली कला, साहित्य, संस्कृति र सभ्यताको संरक्षण तथा प्रवर्द्धनका आफ्नो क्यालेण्डरमा मौलिक चित्रहरूसमावेश गर्ने गरेको छ ।

बैंकले २०७९ मा नेपालको मौलिक मिथिला संस्कृति झल्कने चित्र, २०८० मा मण्डला चित्रकला, २०८१ मा विभिन्न समयमा स्वदेश फर्काइएका प्राचित कलाकृति र २०८२ मा पुराना नेपाली जीवनशैली झल्काउने दुर्लभ तस्वीर समावेश गरी क्यालेण्डर प्रकाशन गरेको थियो ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी, नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, तिलगंगा आँखा प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरुङसहित बैंकका उच्च व्यवस्थापनका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

### कृषि विकास बैंकको 'ग्लोबल मनि विक' सम्पन्न

**काठमाडौं (प्रस)–** कृषि विकास बैंक लिमिटेडले 'ग्लोबल मनी विक अभियान, २०२६' अन्तर्गत १५०० भन्दा बढी विद्यार्थी तथा महिला कृषि व्यवसायीहरूलाई वित्तीय साक्षरता प्रदान गरेको छ । यही मार्च १६ देखि २२ सम्म सञ्चालन भएको अभियानमार्फत सात वटै प्रदेशका १५०० भन्दा बढी विद्यार्थी तथा महिला कृषि व्यवसायीहरूलाई वित्तीय साक्षरता प्रदान गरिएको बैंकले जनाएको छ ।

विश्वव्यापी रूपमा प्रत्येक वर्ष मनाइने ग्लोबल मनीविक यस वर्ष 'स्मार्ट मनी टक्स' नारासहित मनाइएको हो । जसअन्तर्गत बैंकले मुलुकका विभिन्न स्थानमा वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले बचत गर्ने बानी, कर्जा लगानी, कर्जाको सदुपयोग, डिजिटल बैंकिङ सेवाहरू, वित्तीय ठगीलगायत विषयमा विद्यार्थी तथा युवाहरूलाई सचेतना एवं अभिमुखीकरण गराएको हो ।



बैंकले विभिन्न शाखा कार्यालयमार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ ।वित्तीय साक्षरता अभियानलाई थप फराकिलो बनाउँदै बैंकले वित्तीय साक्षरतासम्बन्धी विभिन्न सामग्री उत्पादन गरी प्रकाशन तथा प्रसारण पनि गर्दै आएको छ ।

### सिद्धार्थ बैंकद्वारा 'ग्लोबल मनि विक' सम्पन्न



**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेडले विद्यार्थीहरूलाई वित्तीय रूपमा सक्षम र सचेत बनाउने उद्देश्य राख्दै २०२६ मार्च १६ देखि २२ सम्म मनाइएको 'ग्लोबल मनि विक २०२६' को अवसरमा सप्ताहभर विविध कार्यक्रमहरू आयोजना गरी सम्पन्न गरेको छ ।

यस वर्षको ग्लोबल मनी विक २०२६ को नारा 'स्मार्ट मनि टाल्क्स्'लाई सार्थक बनाउने प्रयास स्वरूप बैंकले देशका सातै प्रदेशमा विद्यालय एवं क्याम्पस गरी ३८ स्थानहरूमा विद्यार्थी लक्षित वित्तीय साक्षरता कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

बैंकले प्रदान गर्ने सेवा, डिजिटल कारोबार र यसमा अपनाउनुपर्ने सावधानीका विषयमा सचेत गराई विद्यार्थीहरूमा वित्तिय ज्ञान, सीप, मनोवृत्ति तथा व्यवहारमा सुधार ल्याउने उद्देश्यले सञ्चालन गरिएको सो कार्यक्रममा २,१७१ जना विद्यार्थीहरूको सहभागीता रहेको थियो । साथै, विद्यार्थीहरूलाई बैंकको आधारभूत बैकिङ्ग सञ्चालन र विभिन्न बैंकिङ्ग माध्यमहरू सम्बन्धी व्यवहारिक रूपमा शिक्षा प्रदान गर्ने उद्देश्यले ४७८ जना विद्यार्थीहरूलाई बैंकका विभिन्न शाखाहरूमा भ्रमण कार्यक्रम पनि आयोजना गरिएको थियो । यसरी 'ग्लोबल मनि विक २०२६' मा बैंकले कुल ५१ वटा कार्यक्रमहरू मार्फत २,६४९ विद्यार्थीहरूलाई वित्तीय शिक्षा प्रदान गरेको छ ।

देशका सबै वर्ग, क्षेत्र र समुदायसम्म वित्तीय सेवाको पहुँच विस्तार गरी सर्वसाधारणलाई वित्तीय रूपमा सक्षम बनाउने उद्देश्यका साथ बैंकले उक्त कार्यक्रमहरू सञ्चालन गर्नुका साथै सप्ताहभरि दैनिक रूपमा सामाजिक सञ्जालमार्फत जानकारीमूलक सामग्रीहरू समेत प्रकाशन गरेको थियो ।

### सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स नवौं वर्षमा




**काठमाडौं (प्रस)–** सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स नवौं वर्षमा प्रवेश गरेको अवसरमा कम्पनीले विविध कार्यक्रमहरूको आयोजना गरि मनाएको छ ।

कम्पनीका संचालक समितिका अध्यक्ष, संचालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत, उच्च पदाधिकारीहरू लगाएतको सहभागितामा कम्पनीको प्रधान कार्यालय र देशभरिका क्षेत्रीय र प्रादेशिक कार्यालयहरूमा मानव जीवनको रक्षा गर्ने उदेश्यले नेपाल रेड क्रस सोसाईटिसँगको सहकार्यमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । साथै काठमाडौं शान्तिनगर स्थित असहाय वृद्धवृद्धाहरूको लागि विशेष आश्रय प्रदान गरिरहेको नि : सहाय सेवा सदनमा आहार बिहार मार्फत सामाजिक उत्तरदायित्वको कार्यक्रमहरू आयोजना गरिएको छ ।

सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडले डिजिटल सेवा विस्तार, दावी प्रक्रिया सहजता, ग्राहक सम्पर्क प्रणाली सुदृढीकरण तथा दीर्घकालीन विश्वास निर्माणमार्फत आफूलाई नेपालको अग्रणी र भरोसायोग्य जीवन बीमा कम्पनीका रूपमा स्थापित गर्दै आएको छ ।

हाल सानिमा रिलायन्स लाईफ इन्स्योरेन्सले देशभर १६८ शाखा सञ्जालमार्फत सेवा प्रदान गर्दै आएको छ। कम्पनीको पूँजी ५ अर्ब रूपैयाँभन्दा बढी रहेको छ भने २४ अर्ब रूपैयाँभन्दा बढी लगानी रहेको छ । साथै, २२,००० भन्दा बढी अभिकर्ताहरू कम्पनीमा कार्यरत रहेका छन् ।

## अर्घाखाँचीमा बस्न नपाएको पर्यटकको गुनासो

■ दामोदर खनाल

**बुटवल –** विभिन्न देशबाट नेपाल भ्रमणमा रहेका पर्यटकले अर्घाखाँचीमा आफुहरूलाई अनावश्यक केरकार गरेर बस्न नदिएको गुनासो गरेका छन् ।

बाग्लुङ हुँदै अछामको रामारोसन हिँडेका उनीहरू मंगलवार अर्घाखाँचीमा बस्न नपाएपछि बुटवल आएर होटलमा बसेका छन् । बुटवलमा पनि प्रहरी प्रशासनले आफुहरू बसेको होटलमा आएर सोधपुछ गरिरहेको वताएका छन् । आफुहरूसँग पासपोर्ट, भिसालगायतको डकुमेन्ट हुँदाहुँदै पनि अर्घाखाँचीमा बस्न नपाएको र बुटवलमा पनि प्रहरीले निगरानी गरिरहेकाले के गर्ने भन्ने अन्यौलमा रहेको भ्रमण टोलीका दिक्षान्त नाथले वताए । उनीहरू बसमा आएका छन् । विभिन्न टोलिमा रहेका उनीहरू समुहमा बस्ने भजन कृतन गर्ने गरेको समेत बताईन्छ । अरू विभिन्न ठाउँबाट पनि अछाम जान साथिहरू आउने समेत उनले जानकारी दिए ।

ईटाली, स्पेन, अमेरिका, भारत, सर्बिया, क्यानडा, जर्मनी, चाईना, बेल्जियम, स्वीडेन, रसिया लगाएतका ४१ जनाको टोली रहेको छ । मंगलवार उनीहरू बुटवल आएर नेपालगन्ज रोड पुरानो वसपार्कको ढोरपाटन बुर्तिवाङ होटल, न्यु मार्टिन होटल र होटल बाग्लुङ कालिका गरि तीनवटा होटलमा बसेको होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ रूपन्देहीका पूर्वअध्यक्ष लेखनाथ भण्डारीले जानकारी दिए ।

उता यसवारे अर्घाखाँची जिल्ला प्रशासनमा फोनमार्फत सम्पर्क गर्दा सहायक प्रमुख जिल्ला अधिकारी झबिलाल भट्टराईले उनीहरू अर्घाखाँचीको सितगंगा नगरपालिकाको कृष्ण प्रसाद संजेलको फर्ममा बस्न आए पनि अलि असान्दर्भिक गतिविधि हुन्छ कि भनेर निगरानी गरेपछि बुटवल पठाईएको जानकारी दिए । कुन-कुन ठाउँमा जाने स्पष्ट नभएको र लिडिङ गर्ने व्यक्ति नहुँदा समस्या भएको हुनसक्ने प्रशासनको भनाइ छ । यस्ता भ्रमण टोलिहरूले आफुले अवलोकन गर्ने ठाउँ र गाईडको राम्रो प्रबन्ध गरेर हिँड्दा समस्या नहुने एक होटल व्यवसायीको भनाइ छ ।

वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

वैदेशिक रोजगारमा रहँदा कठिनाई उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ